**शिखर नगरपालिका**

# स्थानीय राजपत्र

**खण्डः५ संख्याः६ शिखर नगरपालिका,डोटी स्थानीय राजपत्र भाग २ मितिः२०७८/७/२५**

## भाग–२

**शिखर नगरपालिका**

**सम्बत् २०७८ सालको कार्ययोजना नं.१**

<u>शिखर नगरपालिकाको राजश्व सुधार कार्ययोजना, २०७८</u>

## भाग १: राजस्व सुधार कार्ययोजनाको परिचय

### १.१ परिचय

नेपालको मूल राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने विद्यमान संवैधानिक व्यवस्था रहेको छ । संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार क्षेत्रको व्यवस्था छ, जसमा स्थानीय तहको राजस्व अधिकारको व्यवस्था गरिएको छ । संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारहरुलाई कार्य जिम्मेवारी तथा एकल स्रोत परिचालन गर्न सक्ने अधिकार दिएको छ । यसका अतिरिक्त अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँटको व्यवस्था गरेको छ । दुबै ऐनले स्थानीय तहकोवित्तीय अधिकारलाई व्याख्या गरी विभिन्न कर, शुल्क, दस्तुर तथा दण्ड जरिवानावाट आय आर्जन गर्नसक्नेअधिकार प्रदान गरेको छ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने सेवा प्रवाह तथा सेवा सुविधा प्रवाह गर्ने क्षमतालाई बृद्धि गर्न राजस्व सम्बन्धी योजना, नीति तथा कानूनहरुको तर्जुमा गरी कार्यान्वय गर्न आवश्यक हुन्छ ।

विद्यमान अवस्थामा धेरैजसो स्थानीय सरकारहरुको आयको मुख्य हिस्सा संघीय तथा प्रदेश सरकारवाट प्राप्त हुने समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विषेश अनुदानका साथै राजस्व बाँडफाँटवाट प्राप्त हुने रकमले ओगटेको पाईन्छ । स्थानीय सरकारको खर्च गर्ने क्षमता विकासको लागि आफुलाई प्राप्त राजस्व

अधिकारको पूर्ण रुपमा कार्यान्वयनमा ल्याउन जरुरी हुन्छ, जसले स्थानीय स्वायत्ततालाई प्रवर्धन गर्न सहयोग गर्नेछ । स्थानीय तहहरुलाई आन्तरिक रुपमा राजस्व संकलन गर्ने अधिकार प्रदान गरिए तापनि यसलाई सही रुपमा उपयोग गर्न स्थानीय सरकारहरुमा राजस्व सम्बन्धी नीति, कानून तथा कार्यविधिहरुको तर्जुमा, आय सम्भाव्यताको पहिचान, राजस्व दर निर्धारण, राजस्व अनुमान तथा कार्यान्वयन क्षमता सुधार गर्न आवश्यक देखिन्छ । यसको लागि स्थानीय सरकारको राजस्व परिचालनसंग सम्वद्ध पक्षहरुको क्षमता विकास गरी आवश्यकता अनुसार सहयोगको आवश्यकता देखिन्छ । स्थानीय सरकारको राजस्व परिचालन सम्बन्धी व्यवस्था पूर्ण तथा सही रुपमा कार्यान्वय हुन नसक्नुको मुख्य कारणहरुमा स्थानीय सरकारलाई प्राप्त कतिपय अधिकारहरु नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था गरी सूचना तथा तथ्यांक प्रणालीको स्थापना, आय संकलन तथा अभिलेख तथा नियन्त्रण प्रणालीको स्थापना अभ्यासमा क्षमता तथा तत्परताको कमी हुनु रहेको छ ।

यो राजस्व सुधार कार्ययोजना शिखर नगरपालिका र युएसएआइडी साझेदारी–सङ्घीयता सहयोग कार्यक्रमको सहकार्यमा तयार पारिएको हो । यस दस्तावेज तर्जुमाको क्रममा भएका प्रयासहरुमा नगरपालिकाका निर्वाचित प्रतिनिधि, कर्मचारी तथा यसका सरोकारपक्षहरूले आफ्नो योगदान दिएका छन् । सहयोग कार्यक्रम अन्तर्गत राजस्व परिचालनको क्षेत्रमा आधारभूत अभिमुखीकरण, आन्तरिक आय सुधारकालागि सहभागीतात्मक विधिबाट समस्या तथा अबसरहरूको पहिचान गरी सुधारको लागि कार्ययोजना तयारी र आय सम्भाव्यताको विश्लेषण गरी नगरपालिकालाई आय प्रक्षेपणलाई मार्गदर्शन गर्ने कार्य गरिएको थियो । यसका अतिरिक्त नगरपालिकाको राजस्व परिचालनको लागि कानूनी व्यवस्थालाई थप प्रभावकारी वनाउन स्थानीय आर्थिक ऐनको मस्यौदा गर्न सहयोग प्रदान गरिएको थियो ।

## १.२ राजस्व सुधार कार्ययोजनाको उद्देश्य

नगरपालिकाको आन्तरिक आयका संभावनाहरुको पहिचान गरी अधिकतम परिचालनका लागि देखिएका समस्याहरू न्यूनीकरण गर्न कार्ययोजना तयार गरी सोका आधारमा आगामी ३ वर्षको आय प्रक्षेपणमा नगरपालिकालाई सहयोग पुऱ्याउनु नै यस राजस्व सुधार कार्ययोजनाको मूख्य उद्देश्य हो । यस योजनाका खास उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

- राजस्वका आन्तरिक स्रोतहरुको सम्भाब्यता विश्लेषण गरी राजस्व संकलन फरक पहिचान गर्ने,
- राजस्व व्यवस्थापन प्रणाली सुधार तथा राजस्व संकलन क्षमता सुधारकोलागि राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने,
- राजस्व स्रोतका नयाँ क्षेत्रहरुको खोजी गर्ने,
- स्थानीय सरकारको राजस्व अधिकार, तिर्न सक्ने क्षमता तथा प्रगतिशील कर प्रणालीलाई विचार गरी अद्यावधिक आर्थिक ऐनको मस्यौदा गर्ने,
- आगामी तीन बर्षको लागि राजस्व प्रक्षेपण गर्ने,
- राजस्व परामर्श समिति तथा राजस्व प्रशासनमा कार्यरत कर्मचारीहरुलाई तालिम प्रदान गर्ने ।

## १.३ राजस्व सुधार कार्ययोजना तर्जुमाको कार्यक्षेत्र

राजस्व सुधार कार्ययोजना तर्जुमाको क्रममा प्राविधिक सहयोग प्रदान गर्ने क्रममा शुरुका दिनमा कोभिड १९ को प्रभावको कारणले यातायात सुविधा अवरुद्ध भएकोले सूचना प्रविधिलाई उपयोग गरी प्राविधिक सहयोग प्रदान गरिएको थियो । यातायात सुविधा सहज भए पछि तुरुन्तै नगरपालिकाको भ्रमण गरी सहयोगका कार्यक्रमहरु सम्पन्न गरिएको थियो । राजस्व सुधार कार्ययोजना तर्जुमा गर्न निम्न अनुसारको कार्यक्षेत्र निर्धारण गरिएको थियो ।

- सन्धर्भ सामग्रीहरुको संकलन तथा अध्ययन,
- प्रारम्भिक प्रतिवेदन तयारी तथा पेश,
- प्रमुख, उपप्रमुख, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखा तथा राजस्व शाखा प्रमुखलाई राजस्व सुधार कार्ययोजना सम्बन्धी अभिमुखिकरण,
- राजस्व सुधार कार्ययोजनाको मस्यौदा, राजस्व प्रक्षेपण तथा आर्थिक ऐनको मस्यौदा तयार गर्नको लागि नगरपालिकावाट सूचना संकलन,
- राजस्व सुधार कार्ययोजना तथा आर्थिक ऐनको प्रारम्भिक मस्यौदा तयार गरी पेश गर्ने,
- स्थानीय तहमा राजस्व व्यवस्थापन सम्बन्धी तालिम तथा राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यशाला आयोजना गर्ने,
- स्थलगत भ्रमण गरी आवश्यक सूचना तथा तथ्यांक संकलन गर्ने र प्रारम्भिक राजस्व सुधार कार्ययोजना तथा राजस्व प्रक्षेपणलाई पुनरावलोकन गर्ने,
- राजस्व सुधार कार्ययोजनाको मस्यौदा तयार गर्ने र स्थलगत भ्रमणको आधारमा आर्थिक ऐनलाई परिमार्जन गर्ने,
- राजस्व सुधार कार्ययोजनाको मस्यौदा नगरपालिका, साझेदारी–सङ्घीयता सहयोग कार्यक्रम र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गर्ने,
- सुझावहरु समावेश गरी राजस्व सुधार कार्ययोजनालाई अन्तिम रुप दिने,
- अन्तिम राजस्व सुधार कार्ययोजना, आर्थिक ऐनको साथमा संश्लेषण प्रतिवेदन पेश गर्ने ।

## १.४ राजस्व सुधार कार्ययोजना तर्जुमाको विधि

### १.४.१ तयारी चरण

युएसएआईडीको साझेदारी–सङ्घीयता सहयोग कार्यक्रम र एसडिआइसी काठमाण्डौं बीच जेष्ठ १०, २०७८ मा संझौता भए लगत्तै एसडिआईसीले सहयोगी टोलीको टोली नेता श्री पवन लोहनी र टोली सदस्यहरु श्री गोकर्ण प्रसाद शर्मा तथा श्री दामोदर गिरीलाई परिचालन गरी सोही दिन साझेदारी–सङ्घीयता सहयोग कार्यक्रमसंग प्रारम्भिक छलफल भएको थियो । छलफल पश्चातसंविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यविधि लगायत अन्य सन्दर्भ सामग्रीहरुको संकलन तथा अध्ययन गरिएको थियो । अध्ययन पश्चात प्राविधिक सहयोगको लागि आवश्यक तथ्यांक संकलनको लागि प्रश्नवली तथा सहयोग कार्यक्रम सञ्चालन कार्यतालिका तयार गरी साझेदारी–सङ्घीयता सहयोग कार्यक्रम समक्ष जेष्ठ १२ गते प्रारम्भिक प्रतिवेदन पेश गरेको थियो । सोही दिन साझेदारी–सङ्घीयता सहयोग कार्यक्रम र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसंग प्रारम्भिक प्रतिवेदन माथि छलफल गरिएको थियो । राजस्व सुधार कार्ययोजना उद्देश्य, सहयोगका क्षेत्र र भावि कार्यतालिका माथि छनोट गरिएका सबै स्थानीय तहका प्रमुख, उपप्रमुख लगायतका राजस्वसंग सम्वन्धित कर्मचारीहरु, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका पदाधिकारी र साझेदारी–सङ्घीयता सहयोग कार्यक्रमका सम्वन्धित कर्मचारीहरुसंग जेष्ठ १४ गते छलफल भई सहयोग कार्यक्रम तालिकालाई अन्तिम रुप दिईएको थियो । उक्त कार्यक्रममा देहायको विषयवस्तुमा प्रस्तती तथा छलफल गरिएको थियो :

- सहयोग कार्यक्रमको उद्देश्य तथा भावि कार्ययोजना
- हालको कोभिड १९ को अवस्था तथा आगामी सभाको समयलाई ध्यानमा राखि तत्काल आवस्यक पर्ने सहयोग तथा अवधि
- तत्काल आवश्यक पर्ने सूचनाहरुः
  - विगत दुई बर्षको यथार्थ आय तथा चालु बर्षको अनुमान तथा बैशाखसम्मको यथार्थ आय विवरण,
  - मस्यौदा आर्थिक ऐन (वर्ड फरमेट),

  - नगरपालिकाको वस्तुस्थिति विवरण, राजस्व परामर्श समितिका सदस्यहरु, राजस्व शाखामा कार्यरत कर्मचारीहरु तथा राजस्व प्राप्त हुनसक्ने सम्पत्तिको विवरण
- सूचना आदान प्रदानको लागि स्थानीय सरकारका सम्पर्क व्यक्तिहरु तथा सम्पर्क नम्बर

**१.४.२ शुरुवात चरण**

तयारी चरण पुरा भए पछि प्राविधिक सहयोग टोलीले नगरपालिकाले यस कार्यक्रमका लागि उपलब्ध गराएको फोकन पर्सन मार्फत नगरपालिकासंग सम्पर्क स्थापना गरी सहयोग कार्यको शुरुवात गरिएको थियो ।

**नगरपालिकावाट तथ्यांक तथा सूचना संकलनः** छनोट भएमा स्थानीय तहहरुसंगको परिचयात्मक कार्यक्रम पश्चात प्राविधिक सहयोग टोलीले नगरपालिकाका पदाधिकारीहरुसंग सम्पर्क स्थापना गरी कार्यक्रम सञ्चालनको लागि सम्पर्क व्यक्ति तोक्न तथा तयार गरिएको तथ्यांक संकलन सूची अनुसारको सूचना उपलब्ध गराउन अनुरोध गरेको थियो । नगरपालिकालाई सूचना उपलब्ध गराउन तयार गरिएको तथ्यांक संकलन सूची **अनुसूची १** मा दिईएको छ । तथ्यांक संकलन गरी उपलब्ध गराउन साझेदारी–सङ्घीयता सहयोग कार्यक्रमवाट नगरपालिका संयोजकको रुपमा खटिएका कर्मचारीले समेत सहयोग उपलब्ध गराएका थिए । प्राविधिक सहयोग टोलवाट सूची अनुसारको सूचना पटक पटक टेलिफोन, इमेल तथा अनलाईन मिटिङ्गहरु गरी संकलन गरिएको थियो ।

**राजस्व सुधार कार्ययोजना सम्बन्धी अभिमूखिकरणः** नगरपालिकावाट प्रारम्भिध तथ्यांक तथा सूचना संकलन पश्चात उक्त सूचनाहरुलाई विश्लेषण गरी अभिमुखिकरणको लागि प्रस्तुति सामग्री तयार गरीएको थियो । नगरपालिकाको राजस्व सुधार कार्ययोजना सम्बन्धी अभिमुखिकरण कार्यक्रम २०७८ जेष्ठ २१ गते भर्चुअल माध्यमवाट सञ्चालन गरिएको थियो । अभिमुखिकरण कार्यक्रमका सहभागिहरुको नामावली **अनुसूची २** मा दिईएको छ । अभिमूखिकरण कार्यक्रममा नगरपालिकाको आगामी आर्थिक वर्षको आय बजेट अनुमान तथा आर्थिक ऐन तर्जुमा प्रकृयामा सहयोग गर्ने उद्देश्यका साथ हालको राजस्व परिचालनको अवस्था र चालु आ.व.को आर्थिक ऐनमा सुधार गर्नुपर्ने पक्षहरुमा विस्तृत छलफल भएको थियो । उक्त छलफल कार्यक्रममा नगरपालिकाबाट प्राप्त विगत आर्थिक वर्षहरुको आय विवरण तथा हाल कार्यान्वयनमा रहेको चालु आ.व.को आर्थिक ऐनमा अस्पष्ट भएका तथ्यांक तथा प्रावधानमा सम्बन्धित नगरपालिकाहरुबाट थप स्पष्टता प्राप्त भएको थियो । कार्यक्रमका सहभागि जनप्रतिनिधि तथा कर्मचारीहरुले समेत राजस्व परिचालन सम्बन्धी विविध विषयहरु (आर्थिक ऐन, राजस्व क्षेत्राधिकार, आम्दानी कोड र व्याख्या, रकम संकलन तथा दाखिला आदी) संग आफ्ना जिज्ञासाहरु राख्दै सुझाव प्राप्त गरेका थिए ।

**राजस्व सम्बन्धी कानूनहरु तथा आय अनुमानको मस्यौदा तयारीः** अभिमुखिकरण कार्यक्रममा नगरपालिकावाट प्राप्त सूचनाको आधारमा प्राविधिक सहयोग टोलीले आगामी आर्थिक बर्षकोलागि आर्थिक ऐनको परिमार्जनमा सहयोग र महालेखा नियन्त्रक कार्यालयले सिफारिश गरेको राजस्व संकेत तथा वर्गिकरण र व्याख्याको आधारमा राजस्व अनुमान मस्यौदा तयार गरी २०७८ जेष्ठ ३१ गते नगरपालिकामा बुझाएको थियो । प्राविधिक सहयोग टोलीले मस्यौदा गरेको आर्थिक ऐन **अनुसूची ३** मा र आ.ब. २०७८।७९ को लागि राजस्व अनुमान **अनुसूची ४** मा दिईएको छ ।

**१.४.३ स्थलगत सहयोग चरण**

कोभिड १९ को जोखिम न्यून भई यातायात सुचारु भए पछि प्राविधिक सहयोग टोलीले श्रावण १२ र १३ गते स्थलगत रुपमा नगरपालिकाको भ्रमण गरी सूचना संकलन, राजस्व व्यवस्थापन तालिम तथा राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यशाला सञ्चालन गरेको थियो ।

**राजस्व व्यवस्थापन तालिम तथा राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यशालाः** मिति २०७८ साल श्रावण १२ गते नगरपालिकाको सभाहलमा नगरपालिकाका प्रमुख, उपप्रमुख, राजस्व परामर्श समितिका पदाधिकारीहरु, प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन र राजस्वमा कार्यरत कर्मचारीलाई विहान ७ वजे देखि राजस्व व्यवस्थापन तालिम तथा राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यशाला संचालन गरिएको थियो । कार्यक्रममा प्रमुख, प्रमुख प्रशासकीय अधिकित, सहजकर्ताहरु, उद्योग वाणिज्य संघका उपाध्यक्ष तथा सहभागिहरुको आसन ग्रहण पश्तात कार्यक्रमको उद्घाटन नगरपालिकाका प्रमुख श्री सीताराम जोशीले व्यानर पढी गर्नु भएको थियो । कार्यक्रमको उद्घाटन पश्चात सहयोग टोलीका टोलीनेता श्री पवन लोहनीले राजस्व सुधार कार्ययोजना तथा तालिम कार्यक्रमको उद्देश्य तथा महत्ववारे प्रकाश पार्नु भएको थियो । कार्यक्रममा नगरपालिका प्रमुखले आफ्नो शुभारम्भ मन्तव्य दिदै कार्यक्रमले नगरपालिकालाई आर्थिक ऐन वनाउन सहयोग गरेको तथा अन्तरिक स्रोतको परिचालन गर्न सहयोग गरेकोमा साझेदारी कार्यक्रमलाई धन्यवाद दिनु भएको थियो । यस प्राविधिक सहयोगले राजस्व कसरी उठाउने भन्ने विषयमा अन्योल रहेकोमा यस विषयमा थप स्पष्टता हाल केही सहज भएको छ । यस तालिम कार्यक्रमले नगरपालिकाको राजस्व परिचालन प्रकृयामा थप स्पष्टता ल्याउने विश्वास व्यक्त गर्नु भएको थियो । कार्यक्रम पश्चात सहजकर्तालाई फ्लोर हस्तान्तर गर्दै उद्घाटन सत्र समन्न गर्नु भएको थिया । उद्घाटन सत्रको सञ्चालन योजना अधिकृत श्री लोकराज जोशीले गर्नुभएको थियो । तालिम तथा अभिमुखिकरण कार्यक्रममा ९ महिला तथा ३२ जना पुरुष गरी जम्मा ४१ जनाको उपस्थिति रहेको थियो । कार्यक्रममा उपस्थित सहभागिहरुको सूची **अनुसूची ५** मा दिईएको छ ।



फ्लोर हस्तान्तरण पश्चात सहयोग टोलीका टोली नेता श्री पवन लोहनीले आपसी परिचय गराउनुको सार्थ कार्यक्रमको उद्देश्य र तालिम तथा कार्यशाला सञ्चालन कार्य तालिका प्रस्तुत गर्नु भएको थियो । तालिमको दास्रो प्राविधिक सेसनमा प्रशिक्षक श्री गोकर्ण प्रसाद शर्माले कर तथा गैर कर सम्बन्धी अवधारणा तथा स्थानीय तहमा त्यसको सान्दर्भिकतावारे प्रकाश पार्नु भएको थियो । प्रशिक्षण सामग्री **अनुसूची ६** मा दिईएको छ ।

तालिमको तेस्रो सेसनमा प्रशिक्षक श्री पवन लोहनीले राजस्व अधिकार तथा स्थानीय आर्थिक ऐनको व्यवस्था सम्वन्धमा प्रस्तुति गर्दै छलफललाई अघी बढाउनु भएको थियो । यस सेसनमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले व्यवस्था गरेको स्थानीय तहको एकल राजस्व अधिकारको क्षेत्र, राजस्व बाँडफाँटको व्यवस्था तथा अन्तर सरकारी वित्तिय हस्तान्तरण सम्वन्धमा प्रकाश पार्दै नगरपालिकाले पारित गरेको आर्थिक ऐनमा भएको व्यवस्थाहरुको कार्यान्वयनवारे प्रशिक्षण प्रदान गरिएको थियो । प्रशिक्षणका क्रममा सहभागिहरुवाट आएका जिज्ञासाहरुलाई सम्वोधन गरिएको थियो । कार्यक्रममा मूलत स्थानीय कर सम्बन्धी जिज्ञासा, राजस्व शाखाको स्थापना तथा सुदृढीकरण, कर तथा शुल्कमा छुट सम्वन्धमा अन्यौल रहेका जस्ता विषयमा



सहभागिहरुवाट आएका जिज्ञासाहरुलाई नगरपालिकाका उपप्रमुख तथा सहजकर्ताहरुले स्पष्ट पार्नु भएको थियो । कार्यक्रममा प्रस्तुत गरेको प्रशिक्षण सामग्री **अनुसूची ७** मा दिईएको छ ।

तालिमको चौथो सेसनमा प्रशिक्षक गोकर्ण प्रसाद शर्माले राजस्व परामर्श समितिको गठन तथा सोको भूमिकावारे प्रस्तुत गरी छलफललाई अघी बढाउनु भएको थियो । राजस्व परामर्श समितिले गर्नुपर्ने मुख्य मुख्य कामको विवरण प्रस्तुत गर्दै राजस्व परामर्श समितिको भूमिकालाई प्रभावकारी वनाउन राजस्व परामर्श समितिको कार्याविधि तर्जुमा गरी सोको कार्यान्वयनको आवश्यकतावारे प्रकाश पार्नु भएको थियो । प्रशिक्षण सामग्री **अनुसूची ८** मा दिईएको छ ।

कार्यक्रमको दोस्रो भागमा राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यशाला सञ्चालन गरिएको थियो । कार्यशालामा सहभागिहरुलाई चार समूहमा (समूह १ सम्पत्ति कर र मालपोत, समूह २ व्यवसाय कर र वहाल कर, समूह ३ शुल्क तथा दस्तुरहरु, र समूह ४ राजस्व प्रशासन–कार्यालय तथा वडा) विभाजन गरी तालिममा प्रस्तुत गरिएका विषयवस्तु अनुसार राजस्व सुधारको लागि आगामी दिनमा गर्नुपर्ने कार्यहरुको पहिचान गरिएको थियो । पहिचान भएको सुधारका कार्यहरुलाई खुला छलफल सत्र (प्लेनरी) मा प्रस्तुत गरी सहभागिहरुवाट सुझाव संकलन गरिएको थियो । कार्यशालावाट प्राप्त सुझाव अनुसार यसै प्रतिवेदनको अर्को भागमा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तयार गरी सो को आधारमा आगामी ३ बर्षको राजस्व प्रक्षेपण गरिएको छ ।



तालिम तथा कार्यशालाको समापनमा नगरप्रमुख श्री सीताराम जोशीले नगरपालिकाले गरिआएका कार्यहरुको आत्मसमिक्षा गरी अघी बढ्न यस कार्यक्रमले वाटो देखिएको विचार व्यक्त गर्नु भएको थियो । शिखर नगरपालिका नयाँ नगरपालिका भएकोले शुरुवातमा काम गर्न धेरै कठिन थियो तर प्रयास गर्दै जाँदा सहज हुँदै गएको छ । नगरपालिकाको आगामी दिनको भूमिका करको दायरामा सबैलाई ल्याउने तथा सहज तरिकाले कर तिर्ने वातावरण वनाउनु हुनेछ जसको लागि साझेदारी कार्यक्रमवाट थप सहयोगको आशा गरेका विचार ब्यक्त गर्नु भएको थियो । जसकोलागि आवश्यक कानूनहरुको निर्माण गर्ने, वडावाट कर संकलन गर्ने व्यवस्था गर्ने, कार्य सम्पादन क्षमतामा सुधार गर्ने जस्ता कार्य आवश्यक देखिन्छ । नगरपालिकावाट हुने खर्चमा आन्तरिक स्रोतको हिस्सा उल्लेख्य वनाउन सके नगरपालिकाले कामगर्न सहज हुने अनुभव समेत व्यक्त गर्दै कार्यक्रमको समापन गर्नु भएको थियो ।

**तथ्यांक संकलन तथा विश्लेषणः** तयार गरेको तथ्यांक संकलन प्रश्नावली (**अनुसूची ९)** को आधारमा प्राविधिक सहयोग टोलीले नगरपालिकाका कर्मचारीहरु तथा स्थानीय उद्योग बाणिज्य संघका प्रतिनिधि हरुसंग २०७८ श्रावण ११ गते लक्षित समूह छलफल तथा अन्तरवार्ताको माध्यमवाट सूचना संकलन गरेको थियो । नगरपालिकामा गरिएको लक्षित समूह छलफलमा स्थानीय उद्योग वाणिज्य संघका ६ जनाको सहभागिता रहेको थियो भने अन्तरवार्तामा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सहित ३ जनाको सहभागिता रहेको थियो । प्राविधिक सहयोग टोलीले नगरपालिकाको आर्थिक प्रशासन शाखा तथा अन्य शाखाहरुको भ्रमण गरी सम्वन्धित कर्मचारीहरुसंग अन्तरवार्ता लिई आवश्यक सूचना संकलन गरेको थियो ।



त्यसैगरी प्राविधिक सहयोग टोलीले मूख्य वजार क्षेत्रहरुको स्थलगत रुपमा अवलोकन गरेको थियो । प्राविधिक सहयोग टोलीले छलफलवाट निम्न अनुसारको सूचना संकलन गरेका थिए ।

- मूख्य राजस्वका स्रोतहरुको सम्भाव्यता अध्ययनको लागि आवश्यक सूचना
- राजस्व शाखाको भौतिक सूविधा तथा सूचना प्रविधिको उपयोग
- नगरपालिकाले पारित गरेको राजस्व सम्बन्धी कानून तथा कार्यविधि, आन्तरिक नियन्त्रणको अवस्था, क्षमता विकासको आवश्यकता
- विगतको आय संकलनको अवस्था तथा समस्याहरु
- राजस्व संकलनमा वडा समितिको भूमिका
- राजस्व वजेट र कर तथा शुल्क निर्धारण प्रकृया
- राजस्वका नयाँ क्षेत्रहरुको सम्भावना
- राजस्व प्रणालीमा सुधारकोलागि गर्नुपर्ने कार्यहरु तथा नयाँ अवधारणा
- नगरपालिकाको वस्तुगत विवरण

**तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारीः** स्थलगत भ्रमण प्रश्चात नगरपालिका भएको लक्षित समूह छलफल, अन्तरवार्ता, कार्यशाला, अवलोकन तथा कार्यालयवाट प्राप्त तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्यांकीय औजारहरू तथा विधिहरूका आधारमा विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरी राजस्व सुधार कार्ययोजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको थियो । यसरी तयार भएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन सुझावकोलागि नगरपालिका तथा साझेदारी–सङ्घीयता सहयोग कार्यक्रम समक्ष पेश गरिएको छ ।

### १.४.४ कार्ययोजनाको अन्तिम रुप

नगरपालिका समक्ष प्रस्तुत गरिएको मस्यौदा राजस्व सुधार कार्ययोजना नगरपालिकाका सम्बन्धित शाखाहरुवाट अध्ययन पश्चात २०७८ भाद्र २३ गते प्राप्त भएको सुझावहरुलाई समावेश गरी यो प्रतिवेदनलाई अन्तिम रुप दिईएको छ ।

## भाग २: नगरपालिकाको विद्यमान अवस्था

यस भागमा राजस्व परिचालनका क्षेत्रलाई मध्येनजर गर्दै नगरपालिकाको परिचय तथा नगरपालिकाको विगतको आय परिचालनको अवस्था र सोको व्यवस्थापकीय पक्षको बारेमा संक्षेपमा व्याख्या गरिएको छ ।

### २.१ नगरपालिकाको संक्षिप्त परिचय

शिखर नगरपालिका राज्य पुरर्संरचनाको क्रममा २०७३ साल फाल्गुण २७ गते साविकको ९ वटा गाउँ विकास समितिहरु (कपल्लेरी, मुडेगाउँ, मुडभरा, तिजाली, पचनाली, लाटामाण्डौं, जिजोडामाण्डौं, बन्लेक र बारपाटा) लाई मिलाई गठन भई ११ वटा वडामा विभाजन गरिएको छ । यस नगरपालिकाको केन्द्र तल्कोटमा रहेको छ, जुन डोटी डडेल्धुरा राजमार्गमा पर्दछ । नगरपालिकाको केन्द्र पुग्न डडेल्धुरा करिव ४० किलोमिटरको दुरी पार गर्नु पर्दछ । यो नगरपालिका डोटी जिल्लाको पश्चिम भेगमा अवस्थित छ र समुन्द्र सतहवाट ५७० देखि २६०० मिटरको उचाईमा रहेको छ । यो नगरपालिकाले ८६.१३ बर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ । नगरपालिकाको करिव ५४ प्रतिशत भूभाग बन जंगलले ओगटेको छ जसमा उच्च पहाडी देखि गर्मी ठाउँमा पाईने क्षेत्रमा पाईने वनस्पती उपलब्ध छ ।

राष्ट्रिय जनगणना २०६८ अनुसार पुनर्संरचित नगरपालिकाको जनसंख्या ६६६५ घरधुरीमा ३१८०६ रहेको थियो भने नगरपालिकाले २०७५ सालमा गरेको गणनामा ६५९१ घरधुरीमा ३९०८७ रहेको रहेको पाईन्छ । २०६१ मा रहेका घरधुरी मध्ये ३२१६ घरधुरी वाहिर गरेको वसोवास गरेको पाईन्छ । यसले यो नगरपालिकाको जनसंख्या बृद्धिदर न्यून रहेको देखाउँदछ । २०६१ सालको जनगणनामा करिव ७९ घरधुरी भाडामा बसोवास गरेको थिए । २०६१ सालको गणना अनुसार नगरपालिकाका करिव ४.४४ प्रतिशत घर आरसिसि छाना भएका छन् भने वाकी घर कच्ची तथा टायल वा ढुङ्गाले छाएका छन् । आर्थिक गणना २०७५ अनुसार यस नगरक्षेत्रमा ५२४ व्याबसायिक इकाइहरु सञ्चालनमा रहेको देखाएको छ जस मध्ये करिब ४७ प्रतिशत व्याबसायिक इकाइ कुनै पनि सरकारी निकायमा दर्ता भएका छैनन् । त्यसैगरी, व्याबसायिक क्षेत्रमा कूल १,०७९ जनाले रोजगारी प्राप्त गरेका छन् । यहाँमा मुख्य व्याबसायिक प्रतिष्ठानहरुमा थोक तथा खुद्रा व्यापार, मर्मत समेत (२९४), उत्पादन ( ५२), स्वास्थ्य (११), होटल (४३), शिक्षा (८६), बैंक, वित्तीय तथा विमा (४) र कृषि तथा वनसंग सम्वन्धित व्यवसाय (२७) रहेका छन् ।

## २.२ राजस्व प्रशासनमा संलग्न मानव संसाधन

नगरपालिकाकाको राजस्व परिचालनको लागि नीतिगत सुझाव तथा अनुगमनका लागि उपप्रमुखको संयोजकत्वमा निर्वाचित जनप्रतिनिधि, उद्योग वाणिज्य संघका प्रतिनिधि तथा कर्मचारीहरु समावेश गरी ६ सदस्यीय राजस्व परामर्श समिति गठन भै कार्यरत रहेको छ ।

**तालिका १: राजस्व परामर्श समिति**

| क्र.सं. | नाम | पद | समिति/जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री धौली देवी रावल | उप-प्रमुख | संयोजक |
| २ | श्री परमानन्द शर्मा | नि.प्र.प्र.अ. | सदस्य |
| ३ | श्री रमा साउद (रावल) | न.पा. सदस्य | सदस्य |
| ४ | श्री मिन व. वलायर | वडा अध्यक्ष | सदस्य |
| ५ | टेक वहादुर वोहरा | नगर उद्योग वाणिज्य सघं | सदस्य |
| ६ | रघुनाथ जोशी | लेखापाल | सदस्य |
| ७ | | | सदस्य सचिव |

राजस्व प्रशासनका लागि नगरपालिकामा शाखा स्थापना नभए तापनि सहायक कम्प्युटर अपरेटरलाई जिम्मा दिई राजस्व प्रशासन सम्बन्धी काम गरिआएको छ । आर्थिक प्रशासनमा कार्यरत लेखापाललाई आवश्यकता अनुसार सहयोग गर्ने गरेका छन् । राजस्व प्रशासनमा कार्यरत कर्मचारीको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २: राजस्व प्रशासनमा कार्यरत कर्मचारीह□को विवरण (२०७८ श्रावण)**

| क्र.सं. | पद | कार्यरत संख्या |
|---|---|---|
| १ | लेखापाल (सहायक पाँचौं): आवश्यकता अनुसार | १ |
| २ | सहायक कम्प्युटर अपरेटर | १ |
| | **जम्मा** | २ |

## २.३ भौतिक सम्पत्ति

नगरपालिकाले तल्कोटमा रहेको आफ्नै करिव १६.५ रोपनी जग्गामा भवनहरु वनाई मुख्य कार्यालय तथा विषयगत शाखाहरु स्थापना गरी सञ्चालनमा ल्याएको छ र थप अर्को भवन निर्माण चरणमा रहेको छ ।

नगरपालिकामा १ वटा सभा हल रहेको छ । ११ वटा वडा कार्यालयहरु मध्ये १० वटा वडा कार्यालयहरुको आफ्नै भवन रहेको छ । मेसीन औजार तर्फ नगरपालिकाले २ वटा बस खरिद गरी नगर बसको रुपमा सञ्चालनमा ल्याएको छ भने एक वटा टिपर खरिद गरी सञ्चालनमा ल्याएको छ । यसका अतिरिक्त नगरपालिकाको रेखदेखमा रहेका प्रसस्त ऐलानी तथा सार्वजनिक जग्गा रहेका छन् जसको एकीन तथ्यांक छैन ।

## २.४ विगतको आय परिचालनको अवस्था

नगरपालिकाको आयको मुख्य स्रोतको रुपमा संघ तथा प्रदेशवाट प्राप्त हुने वित्तीय हस्तान्तर र राजस्व बाँडफाँट रहेको देखिन्छ । नगरपालिकाको कुल आयमा आन्तरिक आयको हिस्सा करिव १.५ प्रतिशत भन्दा कम देखिन्छ । नगरपालिकाले आन्तरिक राजस्वको लेखा वर्तमान राजस्व संकेतको वर्गीकरण र ब्याख्या अनुरुप राख्ने प्रयास गरेको भएतापनि त्यसलाई सुधार गर्नुपर्ने आवश्यकता देखिन्छ । नगरपालिकाको विगत दुई वर्षको यथार्थ आय र आ.व. २०७७।७८ को अनुमानित आयलाई तुलनात्मक रुपमा तलको तालिकामा देखाइएको छ ।

**तालिका ३: नगरपालिकाको राजस्व संकलनको अवस्था (रु. हजारमा)**

| राजस्व संकेत | शीर्षक | आ.ब. २०७५।७६ को यथार्थ | आ.ब. २०७६।७७ को यथार्थ | आ.ब. २०७७।७८ को बजेट अनुमान |
|---|---|---|---|---|
| | **राजश्व तथा अनुदान** | **४१९३१८०५३** | **४७४,९९५,५२९** | **५६७,११४,८९०** |
| | **संघीय सरकार** | **३२४१०६०००** | **३७९,१९६,०००** | **४३९,६६६,८९०** |
| १३३११ | समानिकरण अनुदान | १०४०००००० | ११२,२००,००० | ११०,७००,००० |
| १३३१२ | शसर्त अनुदान चालु | २२०१०६००० | २६१,०९६,००० | ३१३,९६६,८९० |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | | | |
| १३३१४ | विषेश अनुदान चालु | | | १५,०००,००० |
| १३३१५ | विषेश अनुदान पुँजिगत | | | |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | ५,९००,००० | |
| १३३१८ | अन्य अनुदान चालु | | | |
| | **प्रदेश सरकार** | **१३५१०८७८** | **१६,५१८,०००** | **१४,१५५,०००** |
| १३३११ | समानिकरण अनुदान | ६९७६००० | ७,०५०,००० | ७,०८७,००० |
| १३३१२ | शसर्त अनुदान चालु | १६०८००० | ४००,००० | |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | | | |
| १३३१४ | विषेश अनुदान चालु | १६९३८७८ | ६,०००,००० | ४,०००,००० |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | ३२३३००० | ३,०६८,००० | ३,०६८,००० |
| | **अन्य आन्तरिक अनुदान** | **०** | | |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | | | |
| | **राजस्व बाँडफाट** | **७२८४८५१९** | **७४,२५३,६८१** | **१०४,७९३,६८०** |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | | | ५००,००० |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | | ७०,४३१,०९० | १००,८३२,६८० |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | | | |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | | २,१७१,८७१ | ३,४६१,००० |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | | |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | | | |
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | | २६१,६७४ | |
| १४१५६ | बाँडफाँड भई प्राप्त विद्युत सम्वन्धी रोयल्टी | | १,३८९,०४६ | |
| | **आन्तरिक स्रोत** | **८८५२६५६** | **५,०२७,८४८** | **८,४९९,३२०** |

| राजस्व संकेत | शीर्षक | आ.ब. २०७५।७६ को यथार्थ | आ.ब. २०७६।७७ को यथार्थ | आ.ब. २०७७।७८ को बजेट अनुमान |
|---|---|---|---|---|
| ११३१३ | एकीकृत सम्पत्ति कर *(सम्पत्ति कर)* | | ५६९,८९५ | |
| ११३१४ | भूमी कर/मालपोत | | ३७८,१३१ | ३००,००० |
| ११३२१ | घर बहाल कर | | ५०,५०६ | ६०,००० |
| ११३२२ | बहाल विटौरी कर (शुल्क) | | | |
| ११४५१ | सवारी साधन कर (अटो रिक्सा, इरिक्सा) | | २०,००० | |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय ( सम्पत्ति भाडा) | | | ५०,००० |
| १४२१२ | सरकारी सम्पत्ति बिक्रिबाट प्राप्त रकम ( लिलामी) | | | |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम (फाराम, नक्सा, घर नम्वर आदि) | | | |
| १४२१९ | अन्य सेवा शुल्क तथा विक्री (ढुङ्गा, वालुवा, माटो, काठ विक्री समेत) | | ३,२४१,२५५ | ५,५००,००० |
| १४२२१ | न्यायिक दस्तुर | | | २०,००० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क (पशु सेवा, परिक्षा समेत) | | ४४,००० | १०,००० |
| १४२४२ | नक्सापास दस्तुर | | ५८,७६० | १००,००० |
| १४२४३ | सिफारिश दस्तुर (अन्य प्रमाणित समेत) | | ३२७,८०० | ८००,००० |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | | | २००,००० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | | ३०,००० |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत) | | २५,००० | ३०,००० |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | १७२,५०० | २०,००० |
| १४३१३ | धरौटी सदरस्याहा | | | |
| १४५२९ | अन्य राजस्व | | ११९,००० | १,१३०,००० |
| १४६११ | व्यावसाय कर | | २१,००१ | २४९,३२० |
| १५१११ | बेरुजु | | | |
| १५११२ | निकासा फिर्ता | | | |
| १५११३ | अनुदान फिर्ता | | | |
| | **वित्तीय सम्पत्ति तथा दायित्व** | ० | ( | ( |
| ३२१२१ | नगद | | | |
| ३२१२२ | बैंक मौज्दात | | | |
| ३३१४३ | अन्य संस्थावाट ऋण प्राप्ती | | | |
| ३३१८२ | तिर्नु पर्ने अन्य खाताहरु | | | |
| | **जम्मा राजस्व, अनुदान, सम्पत्ति तथा दायित्व** | ४१९३१८०५३ | ४७४,९९५,५२९ | ५६७,११४,८९० |

स्रोतः नगरपालिकाबाट प्राप्त सवन्धित आ.व. को वित्तीय विवरण तथा वजेट

नोटः नगरपालिकावाट प्राप्त विवरणलाई राजस्व संकेत वर्गिकरण तथा व्याख्याको आधारमा शीर्षक मिलान गरी प्रस्तुत गरिएको छ।

## २.५ नगरपालिकाको राजस्व व्यवस्थापन

नगरपालिकाले राजस्व संकलन कार्य मुख्यत नगरपालिका कार्यालयवाट नै हुने गरेको छ । नगरपालिकाले सिफारिश तथा प्रमाणित दस्तुर संकलन गर्ने जिम्मेवारी वडा कार्यालयलाई समेत दिइएको छ। वडा सचिवहरुले हातैले राजस्व संकलन गरी नगरपालिकामा बुझाउने गरेका छन्। वडा सचिवहरुले समय समयमा संकलित रकम दाखिला गर्ने गरे तापनि नियमित साप्ताहिक वा मासिक रुपमा संकलन भएका राजस्वको राजस्व शीर्षक खुलाई दाखिला गरेको पाईदैन ।

नगरपालिकामा राजस्व संकलनको लागि नेपाल सरकार अन्तर्गतको शहरी विकास तथा भवन निर्माण विभागले विकास गरेको राजस्व सफ्टवयरलाई प्रयोगमा ल्याएको छ । वडावाट राजस्व संकलनको लागि वडामा इन्टरनेटको व्यवस्थाका साथै आवश्यक अन्य पूर्वाधार स्थापना भएको छैन । नगरपालिकाले राजस्व व्यवस्थापन प्रणालीमा सुधारकोलागि निम्न कार्यहरु गर्नुपर्ने देखिन्छ ।

- आर्थिक बर्ष शुरुहुनु भन्दा पहिले नै आर्थिक ऐन वडा कार्यालयहरुलाई उपलब्ध गराउने र सो अनुसार छुट सहुलित तथा दण्ड जरिवानाको व्यवस्था कार्यान्वयनमा ल्याउने ।
- राजस्व सम्वन्धी जनचेतना मूलक कार्यक्रम संचालन गर्न कर सम्वन्धी प्रचार प्रसार सामग्री तयार गरी प्रचार प्रसार गर्ने ।
- राजस्व शाखाको स्थापना गरी सो शाखामा कम्तिमा २ जना कर्मचारीको व्यवस्था गर्ने ।
- नगरपालिकाको राजस्व सम्बन्धी जनचेतना मूलक कार्यक्रम सञ्चालन गर्ने ।
- वडा कार्यालयहरुमा कम्प्युटर, प्रिन्टर, इन्टरनेट तथा पावर व्याकअपको व्यवस्था गर्ने ।
- स्वीकृत आर्थिक ऐनको व्यवस्था अनुसार कम्प्युटर सफ्टवयर प्रणालीलाई अद्यावधिक गर्ने ।
- राजस्व शाखामा काम गर्ने कर्मचारी तथा वडा सचिवहरुलाई राजस्व सफ्टवयर सञ्चालन तालिम दिने ।
- सिफारिश दस्तुरको अतिरिक्त सम्पत्ति कर तथा मालपोत संकलनको जिम्मेवारी वडा सचिवहरुलाई दिने ।
- वडा सचिवले वडावाट उठेको रकम महिना समाप्त भएको पहिलो हप्ता भित्र अनिवार्य नगरपालिकामा दाखिला गर्ने व्यवस्था गर्ने ।
- वडावाट संकलित रकम आय शीर्षक अनुसार छुट्याई नगरपालिकामा दाखिला गर्ने ।
- निर्वाचित जनप्रतिनिधिहरुलाई स्थानीय कर सम्वन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने ।
- राजस्व परामर्श समितिको कार्यविधि तर्जुमा गर्ने ।
- राजस्व परामर्श समितिको बैठक त्रैमासिक रुपमा अनिवार्य वसी राजस्व संकलन अवस्थाको समिक्षा तथा राजस्व संकलन कार्यको अनुगमन गर्ने ।
- उत्कृष्ठ करदातालाई सभावाट प्रत्येक बर्ष सम्मान गर्ने ।
- राजस्वको दर तथा असुली व्यवस्था समावेश गरी राजस्व सम्वन्धी नागरिक वडापत्र प्रकाशन गर्ने ।
- राजस्व रसिद नियन्त्रण प्रणाली, राजस्व चुहावट नियन्त्रण प्रणाली स्थापनाको लागि राजस्व परामर्श समितिको भूमिकालाई सुदृढ गर्ने ।

## भाग ३: नगरपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस भागमा स्थानीय तहको राजस्व अधिकार सम्बन्धी कानुनी व्यवस्था र सो अनुसार नगरपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शीर्षकगत रुपमा विस्तृत विश्लेषण गरिएको छ । यसबाट नगरपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्ययोजनाले सम्बोधन गर्ने विश्वास लिइएको छ ।

### ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी कानूनी व्यवस्था

संघीय कानुन (**स्थानीय सरकार संचालन ऐन (स्थाससंऐ), २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन ( असविव्यऐ), २०७४**) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरिएको छ :

**(क) स्थानीय तहको एकल अधिकारः**

**अ) कर**

- सम्पत्ति करः आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा (स्थाससंऐ)
- भूमिकर (मालपोत): सम्पत्ति कर लागेको घरजग्गा बाहेकको अन्य जग्गामा (स्थाससंऐ)
- घर जग्गा बहाल करः कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर,कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा (स्थाससंऐ)
- व्यबसाय करः व्यापार, व्यबसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा (स्थाससंऐ)
- सवारी साधन करः टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सामा (असविव्यऐ)
- जडिबुटी, कवाडी र जीवजन्तु करः आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्याबसायिक उपयोग गरे बापत (स्थाससंऐ)

**आ) शुल्क**

- बहाल बिटौरी शुल्कः आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत (स्थाससंऐ)
- पार्किङ् शुल्कः आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत । (स्थाससंऐ)

**इ) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यबसायमा । (स्थाससंऐ)
- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि) (स्थाससंऐ)
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क (स्थाससंऐ)
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क (स्थाससंऐ)

**ई) बिक्री**

- आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तु । (स्थाससंऐ)
- आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदि । (स्थाससंऐ)

**उ) सामुदायिक वनबाट आय**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनुपर्ने । (स्थाससंऐ)
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्वन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नुपर्ने । (स्थाससंऐ)

**ऊ) प्रचलित कानून बमोजिम सिफारिश, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क तथा दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर (स्थाससंऐ दफा ११ को घ को ७)
  - *स्थानीय सहकारी संस्था*
  - *१०० बाट सम्मको एफएम रेडियो*
  - *घ वर्गको ठेक्का इजाजत*
  - *सामुदायिक, संस्थागत, गुठी, सहकारी विद्यालय*
  - *प्राविधिक शिक्षा तथा व्याबसायीक तालिम*
  - *मातृ भाषामा शिक्षा दिने विद्यालय*
  - *ट्युसन, कोचिङ्ग*
  - *औषधि पसल*
  - *परिवार नियोजन तथा मातृ शिशु कल्याण सम्बन्धी सेवा*
  - *ढुङ्गा, गिट्टी, वालुवा, माटो र स्लेट जस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग*
  - *स्थानीय स्तरका व्यापारिक फर्म*
  - *स्थानीय तहका पत्र पत्रिका*
  - *जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था, क्लिनिक*
  - *स्थानीय स्तरका संघ संस्था*
  - *इन्टरनेट, टेली सेन्टर, केवुल तथा तार विहिन टेलिभिजन*
  - *लघु घरेलु तथा साना उद्योग (कार्यजिम्मेवारी मापदण्ड, २०७६ मा प्रदेशको अधिकारमा रहेको)*
- नक्सा पास दस्तुर (स्थाससंऐ दफा ३३ को ४)
- दण्ड जरिवाना (असविब्यऐ)

**(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कूलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी

स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहहरुलाई प्रदान गरेको राजस्व अधिकार स्थानीय तहले आर्थिक ऐन मार्फत राजस्वको दर तथा संकलनका अन्य आधारहरुको निर्धारण गरी सङ्कलन गर्नु पर्दछ । त्यसैगरी कर तथा शुल्क सङ्कलनकोलागि स्थानीय तहहरुले आवश्यक कार्यविधि तर्जुमा गर्न सक्दछन् ।

**(ग) राजस्व बाँडफाँट (असविव्यऐ)**

(अ) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने ।

(आ) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र स्थानीय तहले उठाउने ।

(इ) मनोरंजन करको दर प्रदेशले लगाउने र स्थानीय तहले उठाउने

(ई) विज्ञापन करको दर स्थानीय तहले लगाउने र उठाउने

- (आ), (इ) र (ई) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम स्थानीय तहको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।
- (अ) बमोजिम प्रदेशले लगाएको र उठाएको सवारी साधन कर करबाट उठेको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई वाँडफाँट गरीने ।

(उ) नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने ।

- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने
- स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने

(ऊ) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँट आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत

- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टि बार्षिक रुपमा प्राप्त हुने

**(घ) अनुदान**

- <u>वित्तीय समानीकरण अनुदानः</u> खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त
- <u>सशर्त अनुदानः</u> कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त
- <u>समपूरक अनुदानः</u> पूर्वाधार बिकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कूल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त
- <u>विशेष अनुदानः</u> कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट

**(ङ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएरमात्र वित्त आयोगले सिफारिस गरेको सीमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने

संघीय तथा प्रदेश सरकारबाट प्रदान गरीने वित्तीय समानीकरण अनुदान तथा राजस्व वाँडफाँट अन्तर्गत संकलित रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा स्थानीय तहहरु बीच बाँडफाँट हुने व्यवस्था छ । त्यसै गरी संघीय तथा प्रदेशसरकारले आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्ने व्यवस्था छ । समपूरक तथा विशेष अनुदानका लागि स्थानीय तहहरुबाट प्राप्त हुने प्रस्ताव र अनुदान वितरण कार्यविधिको आधार संघीय तथा प्रदेश सरकारले अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ । स्थानीय तहले कानून बमोजिम बाहेक आफ्नो अधिकारक्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन्:

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकूल असर नहुने गरी लगाउनु पर्ने (असविव्यऐ)
- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र (स्थाससंऐ)
- सेवा शुल्क असूली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ( स्थाससंऐ)
- गैर करको दर निर्धारण गर्दा वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मान्नु पर्ने ( असविव्यऐ)
- कर वा गैर कर राजस्वको प्रस्ताव तयार गर्दा वा भैरहेको कर वा गैर कर राजस्वमा परिवर्तन गर्नुपर्दा त्यसको आवश्यकता, औचित्य तथा तथा त्यसबाट पार्ने प्रभाव समेत उल्लेख गर्नु पर्ने (असविव्यऐ)

- राजस्व प्रस्ताव तयार गर्दा त्यस्तै विषयमा नेपाल सरकार, अन्य प्रदेश वा स्थानीय तहले लगाएका कर वा गैर कर र त्यसको दरसँग यथासम्भव तारतम्यता हुने गरी गर्ने (असविव्यऐ)

## ३.२ आन्तरिक स्रोतको आय सम्भाव्यता

### ३.२.१ कर राजस्व

### क. सम्पत्ति कर

**हालको अवस्थाः** नगरपालिकाको आर्थिक ऐन २०७७ ले नगरक्षेत्र भित्रको कुनै ब्यक्ति वा संस्थाको स्वामित्वमा रहेका जग्गाहरु र निजको नाउँमा भएको संरचनाहरुको मूल्यांकन गरी मूल्यांकनको आधारमा एकीकृत सम्पत्ति कर लगाउने व्यवस्था गरेको थियो । त्यसैगरी सम्पत्ति मूल्यांकनकोलागि जग्गाको मूल्यांकनको लागि तोकेता पनि संरचनाको मूल्यांकन दर तथा ह्रासकट्टीको दर तोकेको देखिदैन । एकीकृत सम्पत्तिको न्यूनतम रु १०० देखि सम्पत्तिको मूल्यको आधारमा प्रति लाख रु ७० सम्म सम्म सम्पत्ति करको दर रहेको छ । संरचनाको हकमा नगरपालिकाले संरचनाको प्रकृति अनुसार रु १०० देखि १००० सम्म कर लिने व्यवस्था गरे तापनि व्यवहारमा लागु भएको देखिएन । नगरपालिकाले एकीकृत सम्पत्ति कर असूलीको लागि कम्प्युटर सफ्टवयर प्रणाली स्थापना गरी नगरपालिकाको मुख्य कार्यालयबाट कर संकलन गर्ने व्यवस्था गरेको छ । यसले नगरपालिकाले हालको कानूनी व्यवस्था अनुसार सम्पत्ति कर उठाएको देखिदैन । नगरपालिकाले यस शीर्षकवाट आ.ब. २०७७।७८ को बैशाख सम्म रु १४ लाख २२ हजार आय आर्जन गरेको देखिन्छ ।

**संभाव्यताः** नगरपालिकाले वि.सं. २०७५ सालमा गरेका गरेको सर्भेक्षण अनुसार करिव ६६०० को हाराहारी घरपरिवार मध्ये करिव ९४ प्रतिशतको आफ्नो स्वामित्वमा रहेको जग्गामा घर भएको अनुमानको आधारमा करदाताको संख्या करिव ६२०० रहेको अनुमान गर्न सकिन्छ । जसमध्ये ३.२ प्रतिशतले करिव २०० घर आरसिसि स्टक्चर रहेको अनुमान गर्न सकिन्छ । चालु आर्थिक बर्षको आर्थिक ऐनमा व्यवस्था गरे बमोजिमको घर र सो घरले चर्चेको जग्गाको मूल्यांकनको आधारमा सम्पत्ति कर लगाउदा निम्न अनुसार आय सम्भाव्यता देखिन्छ ।

**तालिका ४: सम्पत्ति करको सम्भाव्यता विवरण**

| क्र.सं. | हालको मूल्य अनुसार घरको वर्गिकरण | औषत मूल्यांकन | अनुमानित संख्या | औषत कर रकम | कुल सम्भाव्यता रु |
|---|---|---|---|---|---|
| १ | रु ५० लाख देखि १ करोड सम्म मूल्यांकन हुने आवासिय पक्की घहरु | ७० लाख | २०० | ३,५०० | ७००,००० |
| २ | रु ५० लाख भन्दा कम मूल्यांकन हुने आवासिय कच्ची घरहरु | १० लाख | ६,००० | २०० | १,२००,००० |
| **जम्मा** | | | **६,२००** | | **१,९००,०००** |

**सुधारका पक्षहरूः** नगरपालिकाले विगतको एकीकृत सम्पत्ति करको व्यवस्था अनुसार नै सम्पत्ति कर असुल गरी आएकोले आ.ब. २०७८।७९ देखि स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था अनुसार सम्पत्ति कर, घर र सो घरले चर्चेको जग्गामा लगाउने व्यवस्था भएको र बाँकी जग्गामा भूमिकर (मालपोत) लगाउने भनिएकोले सो व्यवस्थालाई यथासक्य छिटो कार्यान्वयनमा लैजानु पर्ने देखिन्छ । घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल वरावर थप जग्गा मात्र भनि ब्याख्या गरिएको छ । ऐनले सम्पत्ति कर नलाग्ने

घरजग्गाको समेत ब्याख्या गरेकोले त्यसलाई समेत कार्यान्वयनमा लैजानु पर्ने देखिन्छ । सम्पत्ति करका सम्बन्धमा नगरपालिकाले सुधार गर्नुपर्ने विषयहरु निम्नअनुसार रहेको देखिन्छ :

- आर्थिक ऐनको व्यवस्था अनुसार सम्पत्ति कर सफ्टवयरमा सुधार गर्ने ।
- सम्पत्ति करको लागि विवरण दाखिला फाराम छपाई गरी सम्पत्ति कर असुली कार्य शुरु गर्ने ।
- सम्पत्ति कर व्यवस्थापनको लागि कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने ।
- सम्पत्ति कर असुल गर्ने जिम्मेवारी वडा कार्यालयलाई समेत दिने ।
- सम्पत्ति करको दर परिमार्जन गरी बृद्धि गर्ने ।

### ख. भूमि कर/मालपोत

**हालको अवस्था:** नगरपालिकाले आर्थिक ऐन २०७७ मा मालपोतको दर निर्धारण गरेको भएपनि सो बमोजिम मालपोत संकलन गरेको देखिदैन । नगरपालिकाले आर्थिक बर्ष २०७५।७६ देखि २०७७।७८ सम्म एकीकृत सम्पत्ति कर लागु गरेकोले मालपोतवाट सो अवधिको कुनै आय संकलन गरेको छैन । नगरपालिकाले विगतको मालपोत बक्यौतावाट आ.ब. २०७७।७८ को बैशाखसम्म करिव रु ३१ हजार आय संकलन गरेको देखिन्छ ।

**संभाव्यता:** नगरपालिकाले ओगटेको कुल क्षेत्रफल ८६.१३ बर्ग किलोमिटर मध्ये ५४ प्रतिशत भूभाग वन क्षेत्रले ओगटेको तथ्यांकले देखाउँदछ । बाँकी रहेको जग्गा मध्ये ऐलानी, पर्ति, खोला र सम्पत्ति करको दायरामा आउने आदिमा करिव १० प्रतिशत जग्गा रहेको अनुमान गर्दा व्यक्तिगत स्वामित्वमा करिव ३६ प्रतिशत जग्गा रहेको अनुमान गर्न सकिन्छ । यस हिसावले नगरक्षेत्रमा करिव ६१००० रोपनी जग्गावाट मालपोत असुल हुने देखिन्छ । नगरपालिकाले आ.ब. २०७८।७९ कोलागि भूमिकर (मालपोत) को औषत दरको आधारमा उठ्न सक्ने भूमिकर ( मालपोत) को सम्भाव्यता निम्न अनुसार देखिन्छ ।

**तालिका ५: भुमिकर (मालपोत) को सम्भाव्यता विवरण**

| क.सं. | जग्गाको किसिम | कर लाग्ने अनुमानित क्षेत्रफल (रोपनी) | औषत करको दर प्रति रोपनी | कुल सम्भाव्यता रु |
|---|---|---|---|---|
| १ | भिर पाखो | ४५,००० | २० | ९००,००० |
| २ | धनहर खेत | १६,००० | ४० | ६४०,००० |
| **जम्मा** | | **६१,०००** | | **१,५४०,०००** |

**सुधारका पक्षहरु:** स्थानीय सरकार सञ्चालन ऐनले सम्पत्ति करको दायरामा आउने वाहेकका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउने व्यवस्था रहेको छ । नगरपालिकाले जग्गाको उत्पादन तथा क्षेत्रफलको आधारमा मालपोत लगाउने र न्यूनतम मालपोतको दर रु २५ गर्ने गरी आर्थिक ऐनमा व्यवस्था गरेको छ । नगरपालिकाले आ.व. २०७८।७९ देखि भूमिकर (मालपोत) लागु गर्न निम्न कार्यहरु गर्नुपर्ने देखिन्छ:

- नगरपालिकाको आर्थिक ऐनले तोके वमोजिम करको दरलाई सफ्टवयर प्रणालीमा अद्यावधिक गर्ने ।
- सबै वडावाट कम्प्युटरवाट मालपोत असुल गर्ने व्यवस्था नहुँदासम्मको लागि मालपोत संकलनको लागि छुट्टै रसिद छपाई गर्ने तथा वडा सचिवहरुलाई उपलब्ध गराउने ।
- वडा कार्यालयवाट प्रदान गरिने सिफारिशहरु मालपोत रकम भुक्तानी गरेपछि मात्र उपलब्ध गराउने व्यवस्था गर्ने ।
- बाँझो जग्गामा लाग्ने मालपोत दर अन्यको तुलनामा बढी लिने गरी कानूनी व्यवस्था गर्ने ।

### ग. घरजग्गा बहाल कर

**हालको अवस्था:** नगरपालिकाको २०७७ सालको आर्थिक ऐनले वहाल कर लिने व्यवस्था नभए तापनि आ.ब. २०७७।७८ को बैशाखसम्म करिव रु १३ हजार संकलन भएको देखिन्छ, जुन करदाता आफैले नगरपालिकामा जम्मा गरिदिएको रकम हो ।

**संभाव्यता:** आर्थिक गणना २०७५ अनुसार कूल ५२४ व्याबसायिक प्रतिष्ठानहरु मध्ये करिव १९६ वटा व्यबसाय आफ्नो घरदेखि वाहिरको भवनमा रहेको देखिएको छ । त्यस्ता पसलहरु अधिकांश मुल सडकमा नै भएकाले र बहालमा लिने भएकोले त्यसको आधारमा सम्भाव्यता अध्ययन गरिएको छ । नगरपालिकाको आ.व. २०७८।७९ को आर्थिक ऐनले संगठित संघ संस्था, कम्पनी, कार्यालयलाई बहालमा दिएमा बहाल अंकको १० प्रतिशतका दरले, पसल तथा व्यवसायलाई बहालमा दिएमा बहाल अंकको ५ प्रतिशतका दरले र घरायसी प्रयोजनमा बहालमा दिएमा बहाल अंकको २ प्रतिशतका दरले वहाल कर निर्धारण गरेको छ । यस अनुसार प्रचलित वहालमा लाग्ने रकमको आधारमा घरजग्गा बहाल करको सम्भाव्यता निम्न अनुसार अनुमान गरिएको छ :

**तालिका ६: घरजग्गा बहाल करको सम्भाव्यता विवरण**

| क्र.सं. | प्रयोजनका आधारमा बहालमा बस्ने | कुल संख्या | बहालमा बस्ने अनुमानित संख्या | मासिक औसत अनुमानित भाडा रकम | वार्षिक भाडा रकम | **घर बहाल कर** |
|---|---|---|---|---|---|---|
| १ | संघसंस्था तथा व्यवसाय | ५२४ | १९६ | १,५०० | ३,५२८,००० | ३५२,८०० |
| २ | घरयासी प्रयोजनमा बस्नेहरू | ६,६६५ | १५० | ५०० | ९००,००० | १८,००० |
| **जम्मा** | | ७,१८९ | | | ४,४२८,००० | ३६७,२०० |

**सुधारका पक्षहरू:** सम्पत्ति करको आधार र घरजग्गा बहाल करको करको आधार एउटै भएकोले दुबैको अभिलेखलाई एक आपसमा आबद्ध गर्न आवश्यक देखिन्छ । घरजग्गा बहाल कर प्रणालीमा थप सुधारका लागि निम्न अनुसार सुझावहरू प्रस्तुत गरिएको छः

- वहाल रकमवारे सूचना लिन घरजग्गा स्वयं घोषणा फाराम छपाई गर्ने ।
- घरजग्गा वहाल करको लगत संकलन तथा कर असुलीको लागि व्यवसाय कर टोलीको साथमा वहाल कर संकलन टोली खटाउने ।
- घरजग्गा वहाल करको लगत संकलन गरी अभिलेखन राख्ने र सफ्टवयरमा प्रविश्ट गर्ने ।
- बहालमा वस्नेहरुको लगत संकलन गरी सम्पत्ति करको अभिलेख प्रणालीसंग आबद्ध (Link)गर्ने ।

### घ. व्यबसाय कर

हालको अवस्था: नगरपालिकाको आर्थिक ऐनले २०७७ ले नगर क्षेत्रभित्र सञ्चालनमा रहेका उद्योग, व्यापार, व्यबसाय र सेवामा व्यबसायहरुलाई क र ख बर्गमा विभाजन गरी व्यबसाय कर लगाउने व्यवस्था गरेको थियो । नगरपालिकाले व्यबसायको आधारमा रु २०० देखि ५,००० सम्म वार्षिक कर लिने व्यवस्था गरेको थियो तर यो ब्यवस्था बमोजिक कर संकलन कार्य शुरुवात भएको देखिदैन । नगरपालिकाले हालसम्म व्यवसाय करवाट कुनै रकम असुल भएको देखिदैन ।

**संभाव्यता:** आर्थिक गणना २०७४ अनुसार यस नगरपालिका क्षेत्रमा ५२४ व्यासायिक प्रतिष्ठानहरु रहेको देखाउँदछ । नगरपालिकाको आर्थिक ऐन २०७८ मा व्यवस्था गरेको करको दर अनुसार व्यबसाय करको सम्भाव्यता आँकलन गरिएको छ :

तालिका ७: व्यबसाय करको सम्भाव्यता विवरण

| क्र.सं. | व्यापार व्यवसायको विवरण | संख्या | करको औसत दर | संभावित आय |
|---|---|---|---|---|
| १ | कृषि तथा वन संग सम्वन्धित ब्यवसाय | २७ | २,००० | ५४,००० |
| २ | उत्पादन उद्योग | ५२ | १,५०० | ७८,००० |
| ३ | निर्माण तथा खनिज उद्योग | २ | २,५०० | ५,००० |
| ४ | थोक तथा खुद्रा ब्यापार | २९४ | १,००० | २९४,००० |
| ५ | यातायात, सूचना, संचार | - | | - |
| ६ | सबै प्रकारका होटल | ४३ | १,६०० | ६८,८०० |
| ७ | वित्तिय संस्था तथा विमा | ४ | २,५०० | १०,००० |
| ८ | शिक्षा | ८६ | ९०० | ७७,४०० |
| ९ | स्वास्थ्य | ११ | २,००० | २२,००० |
| १० | अन्य | ५ | १,००० | ५,००० |
| **जम्मा** | | **५२४** | | ६१४,२०० |

**सुधारका पक्षहरूः** नगरपालिकाको व्यबसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न सुझावहरु प्रस्तुत गरिएको छ:

- व्यवसाय दर्ताको लागि व्यवसाय दर्ता प्रमाणपत्र तथा रजिष्टर छपाई गर्ने ।
- व्यवसाय करकोलागि व्यवसाय दर्ता गरी व्यवसाय प्रमाणपत्र दिन तथा व्यवसाय कर असुलीको लागि स्थानीय उद्योग वाणिज्य संघ समेतको सहभागितामा व्यवसाय दर्ता तथा व्यवसाय कर संकलन टोलीहरु गठन गरी परिचालन गर्ने ।
- व्यवसाय करको अभिलेख सफ्टवयरमा इन्ट्री गरी लगत तयार गर्ने ।
- कारोवार रकम एवं व्यापारिक दृष्टिले महत्वपूर्ण क्षेत्रलाई समेत आधार लिई दर स्थानीय उद्योग वाणिज्य संघ समेतको सहभागितामा करको दर पुनरावलोकन प्रस्ताव तयार गर्ने ।
- व्यबसायको दर्ता, नवीकरण र खारेजीको व्यवस्था सहित व्यबसाय कर संकलन कार्यविधि तर्जुमा गर्ने ।

**ङ. जडीबुटी, कवाडी, जीवजन्तु कर**

**हालको अवस्थाः** नगरपालिकाले जडीबुटी, कवाडी तथा जिवजन्तु करवाट कर संकलन गर्ने व्यवस्था हालसम्म गरेको देखिदैन ।

**सम्भाव्यताः** नगरपालिकाले आ.बं २०७७।७८ मा कवाडी, जडिबुटी तथा माछा मार्न इजाजत दिए वापत क्रमशः ५० हजार, १० हजार र ५० हजार आय हुने सम्भाव्यता देखिन्छ ।

**च. सवारी कर**

**हालको अवस्थाः** नगरपालिकाले साना सवारीहरु (अटो रिक्सा, इरिक्सा) को दर्ता तथा इजाजत दिने व्यवस्था नभए तापनि आर्थिक ऐन २०७७ अटो रिक्साको रुट इजाजत वापत प्रत्येक ३ महिनामा २००० का लिने व्यवस्था गरेको थियो र यस शीर्षकवाट २०७७।७८ को बैशाख सम्म २५०० संकलन भएको देखिन्छ ।

**सम्भाव्यताः** नगरपालिका क्षेत्रमा करिव ५ वटा अटोरिक्साहरु संचालनमा रहेका छन् । नगरपालिकाको आर्थिक ऐन २०७८।७९ ले यस्ता सवारीवाट वार्षिक २५०० कर लिने व्यवस्था गरेकोले यस शीर्षकवाट बार्षिक रु १२,५०० आय हुने सम्भाव्यता देखिन्छ ।

**छ) विज्ञापन कर**

**हालको अवस्थाः :** नगरपालिकामा विज्ञापन तथा प्रचार प्रसार सामग्रीहरु नभएको र निकट भविश्यमा पनि हुने सम्भावना नदेखिएकोले आय सम्भाब्यता अनुमान पनि गरिएको छैन ।

**३.२.२ गैर–कर राजस्व**

**क) बहाल बिटौरी शुल्क**

**हालको अवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले नगरपालिकालाई आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल बिटौरी शुल्क लगाउन पाउने व्यवस्था गरेको छ । नगरपालिकाले आर्थिक ऐन २०७७ मा आफ्नो क्षेत्र भित्रका सार्वजनिक स्थलमा वनेका घर, सटर, पसल, टहरामा वहाल विटौरी शुल्क लगाउने व्यवस्था भएतापनि २०७७।७८ को बैशाख सम्म यस शीर्षकमा कुनै रकम असुल भएको छैन ।

**संभाव्यताः** नगरपालिका क्षेत्रभित्रका पर्ति र सरकारी जग्गाहरुमा व्यक्तिहरुले संरचना वनाई पसल व्यवसाय तथा वसोवास गरेको पाइन्छ । यसका अतिरिक्त नगरक्षेत्रमा घुम्ति पसहहरु पनी रहेको पाईन्छ । नगरपालिकाको २०७८।७९ को आर्थिक ऐनले सार्वजनिक जग्गाको उपयोग गरी व्यवसाय वा वसोवासको लागि संरचना निर्माण गर्नेसंग वहाल विटौरी शुल्क लिने व्यवस्था गरको छ । यस शीर्षकवाट हुन सक्ने आम्दानीको निम्न अनुसार सम्भाव्यता देखिन्छः

**तालिका ८: बहाल विटौरी शुल्कको सम्भाव्यता विवरण**

| क.सं. | जग्गा विटौरीमा उपयोग रहेको स्थान | घुम्ती पसल संख्या | औषत प्रति पसल वार्षिक शुल्क | कच्ची घर तथा टहरा | औसत वार्षिक शुल्क | पक्की घर | औसत वार्षिक शुल्क | आय सम्भाब्यता |
|---|---|---|---|---|---|---|---|---|
| १ | तल्कोट र लुवाखडी | ४० | ३०० | ५० | ५०० | ३० | १,००० | ६७,००० |
| **जम्मा** | | **४०** | | **५०** | | **३०** | | **६७,०००** |

**सुधारका पक्षहरूः** नगरपालिकाले वहाल विटौरी शुल्क लागु गरी आय आर्जन गर्नको लागि निम्न अनुसारको कार्य गर्नुपर्ने देखिन्छ ।

- सार्वजनिक जग्गा उपयोग गरी घर निर्माण भएका स्थानहरु र वनेका संरचनाहरुको तथ्यांक संकलकोलागि टोली खटाई अभिलेख खाता तयार गर्ने ।
- सार्वजनिक जग्गा उपभोग गरी बसोबास गरेकाहरुलाई बहाल बिटौरी शुल्कको दायरामा ल्याउन संझौताको नमूना सहितको कार्यविधि तर्जुमा गर्ने ।
- वहाल विटौरी शुल्क असुलीको लागि छुट्टै रसिद छपाई गर्ने ।

**ख) सम्पत्ति बहाल**

**हालको अवस्था:** नगरपालिकाले २ वटा वस खरिद गरी नगरवसको रुपमा सञ्चालनमा ल्याएको छ । त्यसैगरी नगरपालिकाले १ वटा टिपर खरिद गरी सञ्चालनमा ल्याएको छ । यसका अतिरिक्त नगरपालिका भवन रहेको स्थानमा १ वटा सभाहल रहेको छ । आ.ब. २०७७।७८ को बैशाख सम्म नगरपालिकाले यातायात क्षेत्रवाट १६ लाख २५ हजार आम्दानी गरेको देखिन्छ । सभाहल भाडा छुटै शीर्षकमा आय नदेखाएकोले यसबाट भएको आयको एकीक विवरण प्राप्त हुन सकेन ।

**संभाव्यता:** नगरपालिकामा रहेका सवारी साधन तथा सभाहलको हालको उपयोगको अवस्थाको आधारमा सहि रुपमा परिचालन गर्न सकेमा नगरपालिकाको आयमा बृद्धि हुने सम्भावना देखिन्छ । यस शीर्षकवाट हुन सक्ने आम्दानीको निम्न अनुसार सम्भाव्यता देखिन्छ:

**तालिका ९: सम्पत्ति वहालको सम्भाव्यता विवरण**

| क.सं. | वहालमा दिन सकिने सम्पत्ति | इकाई | संख्या | औसत मासिक भाडा | कुल सम्भाब्यता |
|---|---|---|---|---|---|
| १ | वस | वटा | २ | ९०,००० | २,१६०,००० |
| २ | टिपर | वटा | १ | १८०,००० | २,१६०,००० |
| ३ | सभा हल | वटा | १ | १,००० | १२,००० |
| | **जम्मा** | | ४ | | **४,३३२,०००** |

**सुधारका पक्षहरू:** नगरपालिकाले भएका सम्पत्तिहरुको सही रुपमा उपयोग गरी आय आर्जन गर्नको लागि निम्न अनुसारको कार्य गर्नुपर्ने देखिन्छ ।

- मेसिनरी औजार (वस तथा टिपर) संचालन तथा आय असुली कार्यविधि तर्जुमा गरी लागु गर्ने ।
- सभागृह संञ्चालन कार्यविधि तयार गर्ने ।

### ग) ढुंगा, वालुवा तथा गिट्टी बिक्री

**हालको अवस्था:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क ले नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ । नगरपालिका क्षेत्रमा रहेको सेती नदीवाट ढुंगा, वालुवा तथा गिट्टीको उत्पादन भई बिक्री हुने गरेको छ । आर्थिक ऐन २०७७ मा ढुंगा, वालुवा, गिट्टी र माटोको प्रति ट्रक, टिपर, मिनि ट्रक, टिपर र प्रति ट्याक्टरका दरले विक्री दर निर्धारण गरी संकलन गरेको थियो । आ.ब. २०७७।७८ को बैशाख सम्म नगरपालिकाले यस शीर्षकवाट रु १५ लाख ७२ हजार संकलन गरेको देखिन्छ ।

**संभाव्यता:** यस नगरपालिका क्षेत्रमा रहेको सेती नदीवाट वालुवा, ढुंगा, गिट्टी भई आएको छ । यसका अतिरिक्त नगरपालिकाका ऐलानी तथा पर्ति जग्गावाट निस्कासन हुने माटोको उत्पादन भई विक्री हुने गरेको छ । यसका अतिरिक्त वन क्षेत्रवाट सल्लाको खोटो संकलन भई विक्री हुने गरेको छ । आर्थिक ऐन २०७८ ले नगरक्षेत्रवाट उत्पादन हुने वालुवा, ढुंगा, गिट्टी, माटो तथा सल्लाको खोटो विक्री गर्ने व्यवस्था गरेको छ । नगरपालिकाले प्रारम्भिक वातावरणिय अध्ययन प्रतिवेदन अनुसार नगरपालिकालाई यस शीर्षकवाट प्राप्त हुने राजस्वको सम्भाव्यता निम्न अनुसार देखिन्छ:

तालिका १०: ढुंगा, गिट्टी वालुवा बिक्रीको सम्भाव्यता विवरण

| क.सं. | संकलन/उत्खनन् स्थल | बार्षिक उत्खनन् तथा विक्री गर्न सकिने परिमाण (घन मिटर) | औषत दर प्रति घन मिटर | सम्भाव्य रकम रु. |
|---|---|---|---|---|
| १ | समूह गाड | ८२६ | ७५ | ६१,९५३ |
| २ | कालागाड क | १,२२९ | ७५ | ९२,१७२ |
| ३ | कालागाड ख | ५३९ | ७५ | ४०,४०४ |
| ४ | रामपुर निर | ७,०४२ | ७५ | ५२८,१८२ |
| ५ | अडिउल | ४,३३० | ७५ | ३२४,७२२ |
| ६ | राजघाट | १४,९६२ | ७५ | १,१२२,१२० |
| ७ | तिलताली | ३,८५९ | ७५ | २८९,४१५ |
| ८ | गौरेलो | १६,३६४ | ७५ | १,२२७,२७० |
| ९ | गोपघाट | ३,६१३ | ७५ | २७०,९५९ |
| १० | मथपोरा | ७,४४२ | ७५ | ५५८,११५ |
| ११ | गगनानमोड | २,५८२ | ७५ | १९३,६८७ |
| | जम्मा | ६२७८७ | | ४,७०८,९९८ |

नगरपालिकाले वालुवा, ढुंगा तथा गिट्टी बिक्रीको लागि ठेक्का आह्वान गरी राजस्व संकलन गर्दा प्रतिश्प्रधा हुने हुनाले सम्भाव्यताको सेरोफेरोमा आय संकलन हुने देखिन्छ ।

**सुधारका पक्षहरूः**

- आय ठेक्का व्यवस्थापनको लागि कार्यविधि तर्जुमा गर्ने ।
- ढुङ्गा तथा गिट्टी बिक्रीको ठेक्का नलागेमा वडाको सहयोगमा नगरपालिका आफैले बिक्री गर्ने व्यवस्था गर्ने ।
- निजी स्वामित्वमा रहेको जग्गावाट ढुङ्गा तथा गिट्टी बिक्री इजाजत दिनको लागि कार्यविधि तयार गर्ने ।

**घ) अन्य सेवा शुल्क**

**हालको अवस्थाः नगर**क्षेत्रमा पर्यटकीय महत्वका व्यवसाय नभएकोले र नगरपालिकाले गेष्ठहाउस, फोहरमैला व्यवस्थापन जस्ता सार्वजनिक निजी सेवाहरु उपलब्ध नगराएकोले यस्ता सेवावाट आय सम्भाव्यता देखिदैन । तर नगरपालिकाले उपलब्ध गराउने पशु सेवा, परिक्षा जस्ता सेवावाट २०७७।७८ को बैशाख सम्म करिव रु ८६ हजार संकलन भएको देखिन्छ ।

**ङ) पार्किङ शुल्क**

**हालको अवस्थाः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र पार्किङ सेवा उपलब्ध नगराएकोले यस बापत आयको सम्भाव्यता देखिदैन ।

**च) घरनक्सा पास तथा अन्य दस्तुरहरु**

**हालको अवस्थाः** नगरपालिकाको २०७७ सालको आर्थिक ऐनले विभिन्न सिफारिश, प्रमाणीत दस्तुरहरु लिने व्यवस्था गरेको थियो । नगरपालिकाको वडाहरुवाट हुने सिफारिश तथा प्रमाणित दस्तुर वडावाट असुल भई

नगरपालिकामा जम्मा गर्ने व्यवस्था गरेका छ । नगरपालिकाले गर्ने विभिन्न सिफारिश तथा प्रमाणितवाट २०७७७८ बैशाखसम्म करिव रु ५ लाख ५४ हजार संकलन भएको छ । नगरपालिकाले घरनक्सा पास दस्तुरवाट सो अवधि सम्म करिव रु ३४ हजार संकलन भएको छ ।

**सुधारका पक्षहरू:**

- घ वर्गको ठेक्का इजाजत कार्यविधि तर्जुमा गर्ने ।
- सहकारी दर्ता, नविकरण तथा नियमन कार्यविधि तर्जुमा गर्ने ।
- स्वास्थ्य संस्था तथा औषधि पसल दर्ता, नविकरण तथा नियमन कार्यविधि तर्जुमा गर्ने ।
- वडा कार्यालयवाट संकलन भएको रकम शीर्षक खोली तोकिएको समयमा दाखिला गर्न वडा सचिवलाई जिम्मेवार वनाउने ।

## भाग ४: नगरपालिकाको राजस्व सुधार कार्ययोजना

नगरपालिकाको राजस्व प्रणालीमा सुधार ल्याउन गर्नुपर्ने कार्यहरुको पहिचान गर्न सम्वद्ध मुख्य सरोकारपक्षहरुको सहभागीतामा कार्यशाला सञ्चालन गरिएको थियो । कार्यशालाका सहभागीहरूवाट भएको समूह कार्यवाट राजस्व सुधारको लागि गर्नुपर्ने कार्यहरुको पहिचान गरी त्यसलाई प्लेनरीमा भएको प्रस्तुती माथि प्राप्त सुझावहरु समेतको आधार सुधारका लागि गर्नुपर्ने कार्यको सूची तयार गरिएको थियो । प्राविधिक टोलिका सहजकर्ताहरुद्वारा कार्यशालाबाट प्राप्त सुझावहरुका अतिरिक्त लक्षित समूह छलफल तथा अन्तरवार्ताहरुवाट संकलित अन्य सूचना तथा विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको मस्यौदा तयार गरिएको छ । यस कार्ययोजनाका क्रियाकलापहरूलाई बृहत् रुपमा निम्न चार क्षेत्रमा विभाजन गरिएको छ :

क. राजस्व प्रशासन सुधार कार्ययोजना
ख. कर राजस्व सुधार कार्ययोजना
ग. गैरकर राजस्व सुधार कार्ययोजना

## तालिका ११: राजस्व सुधार कार्ययोजना

मस्यौदा तयारी कार्यशालामितिः १२ श्रावण, २०७८

| क्रियाकलापहरु | जिम्मेवारी | | समयावधि | | |
|---|---|---|---|---|---|
| | प्रस्ताव तयार वा कार्यान्वयन गर्ने | स्वीकृत गर्ने | आ.व. २०७८।७९ | आ.व. २०७९।८० | आ.व. २०८०।८१ |
| **(क) राजस्व प्रशासन सुधार कार्ययोजना** | | | | | |
| आर्थिक ऐन तथा सो को कार्यान्वयन सम्वन्धमा संलग्न कर्मचारीहरुलाई अभिमुखीकरण गर्ने । | प्रमुख प्रशासकीय अधिकृत | | सम्पन्न | | |
| स्वीकृत आर्थिक ऐनको व्यवस्था अनुसार कम्प्युटर सफ्टवयर प्रणालीलाई अद्यावधिक गर्ने । | सूचना अधिकृत | | श्रावण भित्र | श्रावण भित्र | श्रावण भित्र |
| आर्थिक बर्ष शुरुहुनु भन्दा पहिले नै आर्थिक ऐन वडा कार्यालयहरुलाई उपलब्ध गराउने र सो अनुसार छुट सहुलित तथा दण्ड जरिवानाको व्यवस्था कार्यान्वयनमा ल्याउने । | प्रमुख प्रशासकीय अधिकृत | | श्रावण भित्र र २०७९ को असार भित्र | असार भित्र | |
| राजस्व शाखाको स्थापना गरी सो शाखामा कम्तिमा २ जना कर्मचारीको व्यवस्था गर्ने । | प्रमुख प्रशासकीय अधिकृत | | असोज भित्र | | |
| राजस्व सम्वन्धी जनचेतना मूलक कार्यक्रम संचालन गर्न कर सम्वन्धी प्रचार प्रसार सामग्री तयार गरी प्रचार प्रसार गर्ने । | प्रमुख प्रशासकीय अधिकृत | | असोज भित्र | | |
| वडा कार्यालयहरुमा कम्प्युटर, प्रिन्टर, इन्टरनेट तथा पावर व्याकअपको व्यवस्था गर्ने । | सूचना अधिकृत तथा जिन्सी शाखा | | असार भित्र | | |
| राजस्व शाखामा काम गर्ने कर्मचारी तथा वडा सचिवहरुलाई राजस्व सफ्टवयर सञ्चालन तालिम दिने । | सूचना अधिकृत तथा राजस्व शाखा प्रमुख | | | श्रावण भित्र | |
| सिफारिश दस्तुरको अतिरिक्त सम्पत्ति कर तथा मालपोत संकलनको जिम्मेवारी वडा सचिवहरुलाई दिने । | प्रमुख प्रशासकीय अधिकृत | | | श्रावण भित्र | |
| राजस्व सम्बन्धी डाटा नियमित रुपमा व्याकअप राख्ने व्यवस्था मिलाउने । | सूचना अधिकृत | | नियमित | नियमित | नियमित |
| वडा सचिवले वडावाट उठेको रकम महिना समाप्त भएको पहिलो हप्ता भित्र अनिवार्य नगरपालिकामा दाखिला गर्ने व्यवस्था गर्ने । | आर्थिक प्रशासन तथा राजस्व शाखा प्रमुख | | भाद्र देखि | | |

| **क्रियाकलापहरु** | **जिम्मेवारी** | | **समयावधि** | | |
|---|---|---|---|---|---|
| | **प्रस्ताव तयार वा कार्यान्वयन गर्ने** | **स्वीकृत गर्ने** | **आ.व. २०७८।७९** | **आ.व. २०७९।८०** | **आ.व. २०८०।८१** |
| वडावाट संकलित रकम आय शीर्षक अनुसार छुट्याई नगरपालिकामा दाखिला गर्ने । | आर्थिक प्रशासन तथा राजस्व शाखा प्रमुख | | भाद्र देखि | | |
| निर्वाचित जनप्रतिनिधिहरुलाई स्थानीय कर सम्वन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने । | प्रमुख प्रशासकीय अधिकृत | | असार भित्र | | |
| राजस्व परामर्श समितिको कार्यविधि तर्जुमा गर्ने । | राजस्व परामर्श समिति | कार्यपालिका | असोज सम्म | | |
| राजस्व परामर्श समितिको बैठक त्रैमासिक रुपमा अनिवार्य वसी राजस्व संकलन अवस्थाको समिक्षा तथा राजस्व संकलन कार्यको अनुगमन गर्ने । | उप प्रमुख तथा राजस्व परामर्श समिति | | नियमित | नियमित | नियमित |
| उत्कृष्ठ करदातालाई सभावाट प्रत्येक बर्ष सम्मान गर्ने । | राजस्व परामर्श समिति | नगरसभा | असार | असार | असार |
| राजस्वको दर तथा असुली व्यवस्था समावेश गरी राजस्व सम्वन्धी नागरिक वडापत्र प्रकाशन गर्ने । | राजस्व परामर्श समिति | कार्यपालिका | श्रावण भित्र | श्रावण भित्र | श्रावण भित्र |
| राजस्व रसिद नियन्त्रण प्रणाली, राजस्व चुहावट नियन्त्रण प्रणाली स्थापनाको लागि राजस्व परामर्श समितिको भूमिकालाई सुदृढ गर्ने । | राजस्व परामर्श समिति | | नियमित | नियमित | नियमित |
| **ख) कर राजस्व सुधार कार्ययोजना** | | | | | |
| **सम्पत्ति कर** | | | | | |
| आर्थिक ऐनको व्यवस्था अनुसार सम्पत्ति कर सफ्टवयरमा सुधार गर्ने । | सूचना अधिकृत | | श्रावण भित्र | | |
| सम्पत्ति करको लागि विवरण दाखिला फाराम छपाई गरी सम्पत्ति कर असुली कार्य शुरु गर्ने । | जिन्सी शाखा | | श्रावण भित्र | | |
| सम्पत्ति कर व्यवस्थापनकोलागि कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने । | राजस्व शाखा प्रमुख तथा राजस्व परामर्श समिति | कार्यपालिका | असोज भित्र | | |
| सम्पत्ति कर असुल गर्ने जिम्मेवारी वडा कार्यालयलाई समेत दिने । | प्रमुख प्रशासकीय अधिकृत | | | श्रावण देखि | |
| सम्पत्ति करको दर परिमार्जन गरी बृद्धि गर्ने । | राजस्व परामर्श समिति | नगर सभा | | श्रावण देखि | |
| **भूमिकर (मालपोत)** | | | | | |
| नगरपालिकाको आर्थिक ऐनले तोके वमोजिम करको दरलाई सफ्टवयर | सूचना अधिकृत | | श्रावण भित्र | | |

| क्रियाकलापहरु | जिम्मेवारी | | समयावधि | | |
|---|---|---|---|---|---|
| | प्रस्ताव तयार वा कार्यान्वयन गर्ने | स्वीकृत गर्ने | आ.व. २०७८।७९ | आ.व. २०७९।८० | आ.व. २०८०।८१ |
| प्रणालीमा अद्यावधिक गर्ने । | | | | | |
| सबै वडावाट कम्प्युटरवाट मालपोत असुल गर्ने व्यवस्था नहुँदासम्मको लागि मालपोत संकलनको लागि छुट्टै रसिद छपाई गर्ने तथा वडा सचिवहरुलाई उपलब्ध गराउने । | राजस्व शाखा | | श्रावण देखि | | |
| वडा कार्यालयवाट प्रदान गरिने सिफारिशहरु मालपोत रकम भुक्तानी गरेपछि मात्र उपलब्ध गराउने व्यवस्था गर्ने । | वडा सचिवहरु | | | श्रावण देखि | |
| बाँझो जग्गामा लाग्ने मालपोत दर अन्यको तुलनामा बढी लिने गरी कानूनी व्यवस्था गर्ने । | राजस्व परामर्श समिति | नगरसभा | | श्रावण देखि | |
| **घर जग्गा बहाल कर** | | | | | |
| वहाल रकमवारे सूचना लिन घरजग्गा स्वयं घोषणा फाराम छपाई गर्ने । | राजस्व तथा जिन्सी शाखा | | भाद्र भित्र | | |
| घरजग्गा वहाल करको लगत संकलन तथा कर असुलीको लागि व्यवसाय कर टोलीको साथमा वहाल कर संकलन टोली खटाउने । | प्रमुख प्रशासकीय अधिकृत | | असोज भित्र | | |
| घरजग्गा वहाल करको लगत संकलन गरी अभिलेखन राख्ने र सफ्टवयरमा प्रविश्ट गर्ने । | राजस्व शाखा | | कार्तिक देखि | | |
| बहालमा वस्नेहरुको लगत संकलन गरी सम्पत्ति करको अभिलेख प्रणालीसंग आबद्ध (Link)गर्ने । | सूचना अधिकृत | | | श्रावण देखि | |
| **व्यबसाय कर** | | | | | |
| व्यवसाय दर्ताको लागि व्यवसाय दर्ता प्रमाणपत्र तथा रजिष्टर छपाई गर्ने । | राजस्व शाखा | | भाद्र भित्र | | |
| व्यवसाय करको लागि व्यवसाय दर्ता गरी व्यवसाय प्रमाणपत्र दिन तथा व्यवसाय कर असुलीको लागि स्थानीय उद्योग वाणिज्य संघ समेतको सहभागितामा व्यवसाय दर्ता तथा व्यवसाय कर संकलन टोलीहरु गठन गरी परिचालन गर्ने । | राजस्व शाखा तथा प्रमुख प्रशासकीय अधिकृत | | असोज भित्र | असोज भित्र | असोज भित्र |

| क्रियाकलापहरु | जिम्मेवारी | | समयावधि | | |
|---|---|---|---|---|---|
| | प्रस्ताव तयार वा कार्यान्वयन गर्ने | स्वीकृत गर्ने | आ.व. २०७८।७९ | आ.व. २०७९।८० | आ.व. २०८०।८१ |
| व्यवसाय करको अभिलेख सफ्टवयरमा इन्ट्री गरी लगत तयार गर्ने । | राजस्व शाखा | | असोज देखि | | |
| कारोवार रकम एवं व्यापारिक दृष्टिले महत्वपूर्ण क्षेत्रलाई समेत आधार लिई दर स्थानीय उद्योग वाणिज्य संघ समेतको सहभागितामा करको दर पुनरावलोकन प्रस्ताव तयार गर्ने । | राजस्व शाखा तथा राजस्व परामर्श समिति | नगरसभा | असार भित्र | असार भित्र | असार भित्र |
| व्यबसायको दर्ता, नवीकरण र खारेजीको व्यवस्था सहित व्यबसाय कर संकलन कार्यविधि तर्जुमा गर्ने । | राजस्व शाखा तथा राजस्व परामर्श समिति | कार्यपालिका | मंसिर भित्र | | |
| **(ग) गैर कर राजस्व सुधार कार्ययोजना** | | | | | |
| **बहाल बिटौरी शुल्क** | | | | | |
| सार्वजनिक जग्गा उपयोग गरी घर निर्माण भएका स्थानहरु र वनेका संरचनाहरुको तथ्यांक संकलकोलागि टोली खटाई अभिलेख खाता तयार गर्ने । | राजस्व शाखा | | असोज भित्र | | |
| सार्वजनिक जग्गा उपभोग गरी बसोबास गरेकाहरुलाई बहाल बिटौरी शुल्कको दायरामा ल्याउन संझौताको नमूना सहितको कार्यविधि तर्जुमा गर्ने । | राजस्व शाखा तथा राजस्व परामर्श समिति | कार्यपालिका | मंसिर भित्र | | |
| वहाल विटौरी शुल्क असुलीको लागि छुट्टै रसिद छपाई गर्ने । | जिन्सी शाखा | | भाद्र भित्र | | |
| **सम्पत्ति वहाल** | | | | | |
| मेसिनरी औजार (वस तथा टिपर) संचालन तथा आय असुली कार्यविधि तर्जुमा गरी लागु गर्ने । | राजस्व परामर्श समिति | कार्यपालिका | भाद्र भित्र | | |
| सभागृह संञ्चालन कार्यविधि तयार गर्ने । | राजस्व परामर्श समिति | कार्यपालिका | भाद्र भित्र | | |
| **ढुङ्गा तथा गिट्टी बिक्री** | | | | | |
| आय ठेक्का व्यवस्थापनको लागि कार्यविधि तर्जुमा गर्ने । | राजस्व परामर्श समिति | कार्यपालिका | असोज भित्र | | |
| ढुङ्गा, वालुवा तथा गिट्टी बिक्री वडाको सहयोगमा नगरपालिका आफैले बिक्री गर्ने व्यवस्था गर्ने । | राजस्व शाखा | | कार्तिक देखि | | |

| क्रियाकलापहरु | जिम्मेवारी | | समयावधि | | |
|---|---|---|---|---|---|
| | प्रस्ताव तयार वा कार्यान्वयन गर्ने | स्वीकृत गर्ने | आ.व. २०७८।७९ | आ.व. २०७९।८० | आ.व. २०८०।८१ |
| निजी स्वामित्वमा रहेको जग्गावाट ढुङ्गा तथा गिट्टी बिक्री इजाजत दिनको लागि कार्यविधि तयार गर्ने । | राजस्व परामर्श समिति | कार्यपालिका | असार भित्र | | |
| **अन्य दस्तुरहरु** | | | | | |
| घ वर्गको ठेक्का इजाजत कार्यविधि तर्जुमा गर्ने । | प्राविधिक शाखा | कार्यपालिका | मंसिर भित्र | | |
| सहकारी दर्ता, नविकरण तथा नियमन कार्यविधि तर्जुमा गर्ने । | विषयगत शाखा | कार्यपालिका | मंसिर भित्र | | |
| स्वास्थ्य संस्था तथा औषधि पसल दर्ता, नविकरण तथा नियमन कार्यविधि तर्जुमा गर्ने । | जनस्वास्थ्य शाखा | कार्यपालिका | मंसिर भित्र | | |
| वडा कार्यालयवाट संकलन भएको रकम शीर्षक खोली तोकिएको समयमा दाखिला गर्न वडा सचिवलाई जिम्मेवार वनाउने । | आर्थिक प्रशासन तथा राजस्व शाखा | | भाद्र देखि | | |

# भाग ५: आगामी तीन वर्षको आय प्रक्षेपण

नगरपालिकाको राजस्व अधिकार र राजस्व संभाव्यता, विगत दुई आर्थिक वर्षको यथार्थ आय र आ.व. २०७७/७८ को वजेट र बैशाख सम्मको आय संकलन अवस्थाको आधारमा आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ। नगरपालिकाको राजस्व प्रक्षेपण महालेखा परीक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को राजस्व शीर्षक अनुसार विगतको तथ्यांकलाई समायोजन गरी आय प्रक्षेपण गरिएको छ।

## ५.१ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपणका आधारहरु

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात्को आगामी तीन वर्ष (आ.व. २०७८।७९ देखि २०८०।८१) को लागि आय प्रक्षेपण गरिएको छ । यो आय अनुमान राजस्व सुधार कार्ययोजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूले पार्नसक्ने प्रभावको आधारमा गरिएको छ। आय प्रक्षेपण गर्दा भविष्यमा आयका आधारको दायरा तथा दर बढ्न गई सोबाट हुन सक्ने योगदानलाई समेत मध्यनजर गरिएको छ। त्यसैगरी केही शीर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएको छ। आय प्रक्षेपणका आधारहरुलाई शीर्षकगत रुपमा तल व्याख्या गरिएको छ।

तालिका १२: आगामी आ.व.ह□का लागि राजस्व प्रक्षेपणका आधारह□

| राजस्व संकेत | राजस्व शीर्षक | आ.व.२०७८।७९ मा कूल सम्भाव्यता (रु) | आय प्रक्षेपणका आधारहरू |
|---|---|---|---|
| | **संघीय सरकार** | | |
| १३३११ | समानीकरण अनुदान | | आ.व. २०७८।७९ मा ११ करोड ३४ लाख र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| १३३१२ | सशर्त अनुदान चालु | | आ.व. २०७८।७९ मा २७ करोड ८३ लाख र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| १३३१३ | सशर्त अनुदान पूँजीगत | | आ.व. २०७८।७९ मा २ करोड ५१ लाख र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| १३३१४ | विशेष अनुदान चालु | | |
| १३३१छ | विशेष अनुदान पूँजीगत | | आ.व. २०७८।७९ मा २ करोड ७९ लाख र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| १३३१७ | समपूरक अनुदान पूँजीगत | | आ.व. २०७८।७९ मा ६१ लाख र त्यसपछि प्रत्येक आ.व. मा १ करोड अनुदान प्राप्त हुने अनुमान |
| | **प्रदेश सरकार** | | |
| १३३११ | समानीकरण अनुदान | | आ.व. २०७८।७९ मा ७९ लाख ८३ हजार र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |

| राजस्व संकेत | राजस्व शीर्षक | आ.व.२०७८।७९ मा कूल सम्भाव्यता (रु) | आय प्रक्षेपणका आधारहरू |
|---|---|---|---|
| १३३१२ | सशर्त अनुदान चालु | | |
| १३३१३ | सशर्त अनुदान पूँजीगत | | |
| १३३१४ | विशेष अनुदान चालु | | आ.व. २०७८।७९ मा ५० लाख र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| १३३१७ | समपूरक अनुदान पूँजीगत | | |
| | **अन्य आन्तरिक अनुदान** | | |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | | |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | | |
| | **राजस्व बाँडफाट** | | |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | | आ.व. २०७८।७९ मा २ लाख र त्यसपछिवार्षिक १० प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| १४४११ | बाँडफाँट भई प्राप्त हुने मू.अ.कर | | आ.व. २०७८।७९ मा १० करोड १५ लाख ४३ हजार र त्यसपछिवार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| १४४२१ | बाँडफाँट भई प्राप्त हुने अन्तःशुल्क | | |
| १४१५३ | बाँडफाँट भई प्राप्त वन रोयल्टी | | आ.व. २०७८।७९ मा रु १ लाख ८४ हजार २६६ प्राप्त हुने र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| १४१५६ | बाँडफाँट भई प्राप्त विद्युत्त सम्बन्धी रोयल्टी | | |
| १४१५८ | बाँडफाँट भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | | |
| ११४५६ | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | | आ.व. २०७८।७९ मा प्रदेश सरकारबाट रु ५६ लाख ९२ हजार प्राप्त हुने र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान |
| ११४७१ | बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर | | |
| ११४७२ | बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | ० | |
| | **आन्तरिक स्रोत** | | |
| ११३१३ | एकीकृत सम्पत्ति कर *( सम्पत्ति कर)* | १,९००,००० | आ.व.२०७८।७९ मा कूल सम्भाव्यताको २६.३२ प्रतिशत र त्यसपछि वार्षिक २५ प्रतिशतले वृद्धि |

| राजस्व संकेत | राजस्व शीर्षक | आ.व.२०७८।७९ मा कूल सम्भाव्यता (रु) | आय प्रक्षेपणका आधारहरू |
|---|---|---|---|
| | | | हुँदै जाने अनुमान |
| ११३१४ | भूमि कर/मालपोत | १,५४०,००० | आ.व.२०७८।७९ मा कूल सम्भाव्यताको ३२.४७ प्रतिशत र त्यसपछि वार्षिक २५ प्रतिशतले बृद्धि हुँदै जाने अनुमान |
| ११३२१ | घर बहाल कर | ३६७,२०० | आ.व.२०७८।७९ मा कूल सम्भाव्यताको ४.०८ प्रतिशत र त्यसपछि वार्षिक ३० प्रतिशतले बृद्धि हुँदै जाने अनुमान |
| ११३२२ | बहाल बिटौरी कर (शुल्क) | ६७,००० | आ.व. २०७८।७९ मा सम्भाव्यताको २२.३९ प्रतिशत र त्यसपछि क्रमश २५ प्रतिशतले बृद्धि हुँदै जाने अनुमान |
| ११४५१ | सवारी साधन कर (अटो रिक्सा, इरिक्सा) | १२,५०० | आ.व. २०७८।७९ मा सम्भाव्यताको ४० प्रतिशत र त्यसपछि क्रमश २० प्रतिशतले बृद्धि हुँदै जाने अनुमान |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय (सम्पत्ति भाडा) | ४,३३२,००० | आ.व. २०७८।७९ मा सम्भाव्यताको ५५.४० प्रतिशत र त्यसपछि क्रमश २० प्रतिशतले बृद्धि हुँदै जाने अनुमान |
| १४२१२ | सरकारी सम्पत्ति बिक्रीबाट प्राप्त रकम | | पुराना मालसामानहरुको लिलाम बिक्रीबाट वार्षिक रु १ हजार आय हुने अनुमान । |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम (फाराम, घरनम्वर प्लेट, पुस्तक, नक्सा आदि) | | फाराम, पुस्तक, नक्सा जस्ता सामग्रीहरुको बिक्री बाट आ.व. २०७८।७९ मा रु १ हजार संकलन हुने र आ.ब २०७९।८० मा १ लाख त्यसपछि वार्षिक ५ प्रतिशत बृद्धि हुँदै जाने अनुमान |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री (ढुङ्गा, गिट्टी, काठ बिक्री समेत) | ४,७०८,९८८ | आ.व. २०७८।७९ मा सम्भाव्यताको १०० प्रतिशत र यसपछि क्रमश १० प्रतिशतले बृद्धि हुँदै जाने अनुमान |
| १४२२१ | न्यायिक दस्तुर | | यस शीर्षकवाट वार्षिक रु १ हजार आय हुने अनुमान गरिएको । |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | | वोलपत्र, निवेदन दस्तुर, पशुसेवा, अमिन जस्ता प्रशासनिक सेवा शुल्कबाट आ.व.२०७८।७९ मा रु १ लाख ५० हजार र त्यसपछि क्रमश १० प्रतिशतले बृद्धि हुँदै जाने अनुमान |
| १४२४२ | नक्सापास दस्तुर | | आ.व.२०७८।७९ मा ३५ हजार र त्यसपछि वार्षिक १० प्रतिशत बृद्धि हुँदै जाने अनुमान |
| १४२४३ | सिफारिश दस्तुर (प्रमाणित समेत) | | आ.व.२०७८।७९ मा रु ४ लाख ५० हजार र त्यसपछि वार्षिक १० प्रतिशत बृद्धि हुँदै जाने अनुमान |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता | | आ.व. २०७८।७९ मा रु २० हजार र त्यसपछि |

| राजस्व संकेत | राजस्व शीर्षक | आ.व.२०७८।७९ मा कूल सम्भाव्यता (रु) | आय प्रक्षेपणका आधारहरू |
|---|---|---|---|
| | दस्तुर | | वार्षिक ५ प्रतिशत कम हुँदै जाने अनुमान |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | आ.व. २०७८।७९ मा रु ५ हजार संकलन हुने र त्यसपछि वार्षिक १० प्रतिशत बृद्धि हुँदै जाने अनुमान |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत) | | आ.व. २०७८।७९ मा रु १ लाख संकलन हुने र त्यसपछि वार्षिक १० प्रतिशत बृद्धि हुँदै जाने अनुमान |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | आ.व. २०७८।७९ मा रु ५ हजार संकलन हुने र त्यसपछि वार्षिक ५ प्रतिशत बृद्धि हुँदै जाने अनुमान |
| १४३१३ | धरौटी सदरस्याहा | | |
| १४५२९ | अन्य राजस्व (कवाडी, जडिवुटी सहित) | ११०,००० | कवाडी, जडिवुटी र माथि नपरेका अन्य शीर्षकबाट आ.ब. २०७८।७९ मा ३० हजार र त्यसपछि वार्षिक २५ प्रतिशत बृद्धि हुने अनुमान |
| १४६११ | व्यबसाय कर | ६१४,००० | आ.व. २०७८।७९ मा सम्भाव्यताको १६.२९ प्रतिशत र त्यसपछि क्रमश २५ प्रतिशतका दरले बृद्धि हुँदै जाने । |
| १५१११ | बेरुजु | | |
| १५११२ | निकासा फिर्ता | | |
| १५११३ | अनुदान फिर्ता | | |

## ५.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण

आय शीर्षकको संभाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी नगरपालिकाको आगामी ३ वर्षको प्रक्षेपित आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । प्रक्षेपणको लागि राजस्व संकेत तथा सिफारिश गरिएको लेखा कोडको आधारमा गरिएको छ ।

तालिका १३: चालु आ.व.को अनुमान तथा आगामी २ आर्थिक वर्षको आय प्रक्षेपण

| राजस्व संकेत | शीर्षक | आ.ब. २०७५।७६ को यथार्थ | आ.ब. २०७६।७७ को यथार्थ | आ.ब. २०७७।७८ को बजेट अनुमान | आ.ब. २०७८।७९ को अनुमान | आ.ब. २०७९।८० को प्रक्षेपण | आ.ब. २०८०।८१ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| | **राजश्व तथा अनुदान** | **४१९,३१८,०५३** | **४७४,९९५,५२९** | **५६७,११४,८९०** | **५८०,४४४,२६६** | **६१०,३४०,२७९** | **६४१,८९०,०१३** |
| | **संघीय सरकार** | **३२४,१०६,०००** | **३७९,१९६,०००** | **४३९,६६६,८९०** | **४५०,८००,०००** | **४७३,३४०,०००** | **४९७,००७,०००** |
| १३३११ | समानिकरण अनुदान | १०४,०००,००० | ११२,२००,००० | ११०,७००,००० | ११३,४००,००० | ११९,०७०,००० | १२५,०२३,५०० |
| १३३१२ | शसर्त अनुदान चालु | २२०,१०६,००० | २६१,०९६,००० | ३१३,९६६,८९० | २७८,३००,००० | २९२,२१५,००० | ३०६,८२५,७५० |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | | | | २५,१००,००० | २६,३५५,००० | २७,६७२,७५० |
| १३३१४ | विषेश अनुदान चालु | | | १५,०००,००० | | | |
| १३३१५ | विषेश अनुदान पुँजिगत | | | | २७,९००,००० | २९,२९५,००० | ३०,७५९,७५० |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | ५,९००,००० | | ६,१००,००० | ६,४०५,००० | ६,७२५,२५० |
| १३३१८ | अन्य अनुदान चालु | | | | | | |
| | **प्रदेश सरकार** | **१३,५१०,८७८** | **१६,५१८,०००** | **१४,१५५,०००** | **१२,९८३,०००** | **१३,६३२,१५०** | **१४,३१३,७५८** |
| १३३११ | समानिकरण अनुदान | ६,९७६,००० | ७,०५०,००० | ७,०८७,००० | ७,९८३,००० | ८,३८२,१५० | ८,८०१,२५८ |
| १३३१२ | शसर्त अनुदान चालु | १,६०८,००० | ४००,००० | | | | |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | | | | | | |
| १३३१४ | विषेश अनुदान चालु | १,६९३,८७८ | ६,०००,००० | ४,०००,००० | ५,०००,००० | ५,२५०,००० | ५,५१२,५०० |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | ३,२३३,००० | ३,०६८,००० | ३,०६८,००० | | | |
| | **अन्य आन्तरिक अनुदान** | | | | | | |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | | | | | | |
| | **राजस्व बाँडफाट** | **७२,८४८,५१९** | **७४,२५३,६८१** | **१०४,७९३,६८०** | **१०७,६१९,२६६** | **११३,०१०,२२९** | **११८,६७१,७४१** |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | | | ५००,००० | २००,००० | २२०,००० | २४२,००० |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | | ७०,४३१,०९० | १००,८३२,६८० | १०१,५४३,००० | १०६,६२०,१५० | १११,९५१,१५८ |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | | | | | | |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | | २,१७१,८७१ | ३,४६१,००० | ५,६९२,००० | ५,९७६,६०० | ६,२७५,४३० |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | | | | | |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | | | | | | |
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | | २६१,६७४ | | १८४,२६६ | १९३,४७९ | २०३,१५३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४१५६ | बाँडफाँड भई प्राप्त विद्युत्त सम्बन्धी रोयल्टी | | १,३८९,०४६ | | | | |
| | **आन्तरिक स्रोत** | **८,८५२,६५६** | **५,०२७,८४८** | **८,४९९,३२०** | **९,०४२,०००** | **१०,३५७,९००** | **११,८९७,५१५** |
| ११३१३ | एकीकृत सम्पत्ति कर *(सम्पत्ति कर)* | | ५६९,८९५ | | ५००,००० | ६२५,००० | ७८१,२५० |
| ११३१४ | भूमी कर/मालपोत | | ३७८,१३१ | ३००,००० | ५००,००० | ६२५,००० | ७८१,२५० |
| ११३२१ | घर बहाल कर | | ५०,५०६ | ६०,००० | १५,००० | १९,५०० | २५,३५० |
| ११३२२ | बहाल विटौरी कर (शुल्क) | | | | १५,००० | १८,७५० | २३,४३८ |
| ११४५१ | सवारी साधन कर (अटो रिक्सा, इरिक्सा) | | २०,००० | | ५,००० | ६,००० | ७,२०० |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय (सम्पत्ति भाडा) | | | ५०,००० | २,४००,००० | २,८८०,००० | ३,४५६,००० |
| १४२१२ | सरकारी सम्पत्ति बिक्रिबाट प्राप्त रकम (लिलामी) | | | | १,००० | १,००० | १,००० |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम (फाराम, नक्सा, घर नम्वर आदि) | | | | १,००० | १,००० | १,०५० |
| १४२१९ | अन्य सेवा शुल्क तथा विक्री (ढुङ्गा, वालुवा, माटो, काठ विक्री समेत) | | ३,२४१,२५५ | ५,५००,००० | ४,७०९,००० | ५,१७९,९०० | ५,६९७,८९० |
| १४२२१ | न्यायिक दस्तुर | | | २०,००० | १,००० | १,००० | १,००० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क (पशु सेवा, परिक्षा समेत) | | ४४,००० | १०,००० | १५०,००० | १६५,००० | १८१,५०० |
| १४२४२ | नक्सापास दस्तुर | | ५८,७६० | १००,००० | ३५,००० | ३८,५०० | ४२,३५० |
| १४२४३ | सिफारिश दस्तुर (अन्य प्रमाणित समेत) | | ३२७,८०० | ८००,००० | ४५०,००० | ४९५,००० | ५४४,५०० |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | | | २००,००० | २०,००० | १९,००० | १८,०५० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | | ३०,००० | ५,००० | ५,५०० | ६,०५० |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत) | | २५,००० | ३०,००० | १००,००० | ११०,००० | १२१,००० |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | १७२,५०० | २०,००० | ५,००० | ५,२५० | ५,५१३ |
| १४३१३ | धरौटी सदरस्याहा | | | | | | |
| १४५२९ | अन्य राजस्व | | ११९,००० | १,१३०,००० | ३०,००० | ३७,५०० | ४६,८७५ |
| १४६११ | व्यावसाय कर | | २१,००१ | २४९,३२० | १००,००० | १२५,००० | १५६,२५० |
| १५१११ | बेरुजु | | | | | | |
| १५११२ | निकासा फिर्ता | | | | | | |
| १५११३ | अनुदान फिर्ता | | | | | | |
| | **वित्तीय सम्पत्ति तथा दायित्व** | ( | ( | ( | ( | ( | ( |
| ३२१२१ | नगद | | | | | | |
| ३२१२२ | बैंक मौज्दात | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३३१४३ | अन्य संस्थावाट ऋण प्राप्ती | | | | | | |
| ३३१८२ | तिर्नु पर्ने अन्य खाताहरु | | | | | | |
| | **जम्मा राजस्व, अनुदान, सम्पत्ति तथा दायित्व** | ४१९,३१८,०५३ | ४७४,९९५,५२९ | ५६७,११४,८९० | ५८०,४४४,२६६ | ६१०,३४०,२७९ | ६४१,८९०,०१३ |

# भाग ६: निष्कर्ष तथा सुझावहरु

## ६.१ नगरपालिकाको आय संक्षेपमा

नगरपालिकाको गत आ.व. को यथार्थ, चालु वर्षको अनुमान तथा आगामी आ.व. को लागि आय प्रक्षेपणको तुलनात्मक विवरण तलको तालिकामा दिइएको छ।

**तालिका १४: नगरपालिकाको आय संक्षेपमा**

| क.सं. | शीर्षक | आ.व.२०७६।७७ यथार्थ | | आ.व.२०७७/७८ को अनुमान | | आ.व.२०७८।७९ को अनुमान | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | **अनुदान** | **३९५,७१४,०००** | **८३** | **४५३,८२१,८९०** | **८०** | **४६३,७८३,०००** | **८०** |
| | संघीय सरकार | ३७९,१९६,००० | ८० | ४३९,६६६,८९० | ७८ | ४५०,८००,००० | ७८ |
| | प्रदेश सरकार | १६,५१८,००० | ३ | १४,१५५,००० | २ | १२,९८३,००० | २ |
| | अन्य आन्तरिक अनुदान | | ० | | ० | | ० |
| २ | **राजस्व बाँडफाँट** | **७४,२५३,६८१** | **१६** | **१०४,७९३,६८०** | **१८** | **१०७,६१९,२६६** | **१९** |
| ३ | **आन्तरिक आय** | **५,०२७,८४८** | **१** | **८,४९९,३२०** | **१** | **९,०४२,०००** | **२** |
| ४ | **नगद सम्पत्ति तथा दायित्व** | | **०** | | **०** | | **०** |
| | **जम्मा** | **४७४,९९५,५२९** | **१००** | **५६७,११४,८९०** | **१००** | **५८०,४४४,२६६** | **१००** |

प्रस्तुत विवरण अनुसार नगरपालिकाको कुल आयमा आन्तरिक आयको हिस्सा गत आ.व. २०७६।७७ मा करिव १ प्रतिशत रहेको थियो। राजस्व सुधार योजनाको कार्यान्वयनबाट नगरपालिकाको आन्तरिक आय परिचालनमा सुधार आउने हुनाले आर्थिक वर्ष २०७८।७९ आन्तरिक आयको रकम तथा हिस्सा बढ्न गई कुल आयको करिव २ प्रतिशत प्रतिशत हुने अनुमान छ।

## ६.२ नगरपालिकाको आन्तरिक आयमा मुख्य स्रोतहरु

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात नगरपालिकाले आय आर्जन गर्न सक्ने आन्तरिक आयका प्रमुख ५ वटा स्रोतहरु र सो बाट गरिएको आय निम्नानुसार देखिएको छ।

**तालिका १५: नगरपालिकाको आन्तरिक आयका मुख्य स्रोतहरु संक्षेपमा**

| आम्दानीको स्रोत | आ.ब. २०७८।७९ को अनुमान | आन्तरिक आयको अंश |
|---|---|---|
| अन्य सेवा शुल्क तथा विक्री (ढुङ्गा, वालुवा, माटो, काठ विक्री समेत) | ४,७०९,००० | ५२ |
| सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय (सम्पत्ति भाडा) | २,४००,००० | २७ |
| एकीकृत सम्पत्ति कर (सम्पत्ति कर) | ५००,००० | ६ |
| भूमी कर/मालपोत | ५००,००० | ६ |
| सिफारिश दस्तुर (अन्य प्रमाणित समेत) | ४५०,००० | ५ |
| अन्य आन्तरिक आय | ४८३,००० | ५ |
| जम्मा आन्तरिक आय | ९,०४२,००० | १०० |

नगरपालिकाको आन्तरिक आयका मुख्य सम्भाव्य स्रोतहरुमा ढुङ्गा, वालुवा, माटो, काठ विक्री तथा नगरपालिकाले खरिद गरी सञ्चालनमा ल्याएका वस तथा टिपरको भाडा देखिन्छ। नगरपालिकाले आय सम्भाब्यताले कर शीर्षकवाट उल्लेख्य राजस्व असुल हुने सम्भावना देखिएकोले नगरपालिकाले यस्ता दिगो स्रोतहरु तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

त्यसले अनुमान गरे अनुसारको आन्तरिक आय असुलीकोलागि राजस्व सुधार कार्ययोजनालाई कार्यान्वयनमा ल्याउन आवश्यक देखिन्छ।

## ६.३ राजस्व प्रशासन सुधारका प्राथमिकताहरु

नगरपालिकाको आन्तरिक आय संकलनमा सुधार ल्याउनका लागि आयका मुख्य स्रोतहरुमा विशेष ध्यान दिनुका साथै राजस्व प्रशासन प्रणालीमा सुधार ल्याउन जरुरी हुन्छ। राजस्व सुधार कार्ययोजनाको आधारमा नगरपालिकाले ध्यान दिनुपर्ने मुख्य क्षेत्रहरुलाई बुँदागत रुपमा प्रस्तुत गरिएको छ।

**सम्पत्ति कर तथा मालपोत संकलन प्रणालीमा सुधारः** नगरपालिकाको अनुमानित आन्तरिक आयको करिव १२ प्रतिशत हिस्सा यी दुई करले ओगट्ने देखिन्छ। दुबै कर प्रणालीमा सुधारका लागि आर्थिक ऐनले गरेको व्यवस्था अनुसार कम्प्युटर सफ्टवयर प्रणालीमा सुधार गरी सम्पत्तिको विवरण संकलन गरी कर असुली प्रणाली स्थापना गर्न जरुरी देखिन्छ। सम्पत्ति कर प्रणाली स्थापनाको लागि तत्कालै सम्पत्ति विवरण फाराम छपाई प्रयोगमा ल्याउने तथा करदाताको सहजताको लागि मालपोत संकलनको लागि वडा कार्यालयलाई जिम्मेवारी दिने कार्य तत्काल शुरु गर्नुपर्ने देखिन्छ। वडा कार्यालयहरुमा इन्टरनेट र भौतिक पूर्वाधारको स्थापना गरी सम्पत्ति कर संकलन कार्य वडा कार्यालयहरुवाट गर्नको लागि वडा सचिवहरुलाई तालिम दिई क्रमशः जिम्मेवारी हस्तान्तरण गर्दै जान आवश्यक देखिन्छ।

**वहाल विटौरी शुल्कः** नगरपालिका क्षेत्रमा रहेका ऐलानी तथा पर्ति जग्गाहरुमा व्यक्तिले घर निर्माण गरी वसोवास तथा पसल व्यवसाय गरेका पाईन्छ तर नगरपालिकाले निजहरुवाट कुनै शुल्क लिएको देखिदैन । नगरपालिकाले आर्थिक ऐनमा भएको व्यवस्था बमोजिम शुल्क संकलन गर्न लगत तयार गरी वडा कार्यालय समेतको सहभागितामा बहाल विटौरी शुल्क संकलन कार्यको शुरुवात तत्कालै गर्नुपर्ने देखिन्छ ।

**व्यवसाय तथा घरजग्गा वहाल करः** नगरपालिकाले हालसम्म व्यवसाय करको लागि व्यवसायहरु दर्ता गरी कर संकलन गरेको देखिदैन । नगरपालिकाले स्थानीय उद्योग वाणिज्य संघसंगको सहकार्यमा टोली निर्माण गरी व्यवसाय दर्ता तथा कर संकलन अभियान सञ्चालन गर्नु पर्ने देखिन्छ । नगरपालिकाले व्यवसाय कर संकलन गर्ने क्रममा घरजग्गा वहाल करको समेत लगत तयार गरी संकलन कार्यको शुरुवात गर्नुपर्ने देखिन्छ ।

**राजस्व संकलन कार्यविधिहरुको तर्जुमाः** राजस्व संकलन कार्यलाई ब्यवस्थित गर्न तथा एकरुपताका लागि आयका मुख्य स्रोतहरु जस्तो सवारी साधन संचालन तथा व्यवस्थापन, सम्पत्ति कर, वहाल विटौरी शुल्क, निजी जग्गावाट प्राकृतिक स्रोत (ढुङ्गा, गिट्टी) को बिक्री, व्यबसाय कर आदिको विवरण संकलन, मूल्यांकन, कर निर्धारण, अभिलेख व्यवस्था, सहुलियत, जरिवाना, खारेजी आदि कार्यको प्रक्रियागत स्पष्टताका लागि कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउन आवश्यक देखिन्छ ।

**छुट तथा जरिवानको कार्यान्वयनः** चालु आर्थिक बर्ष देखि नगरपालिकाको आर्थिक ऐनले गरेको छुट तथा जरिवानाको व्यवस्था कार्यान्वयनमा ल्याउन सफ्टवयर प्रणालीमा सुधारका साथै वडा कार्यालयहरु जानकारी गराई सो अनुसार व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

**जनचेतना मूलक कार्यक्रम तथा राजस्व परीक्षणः** नगरपालिकाले व्यवस्था गरे बमोजिम कर संकलन व्यवस्था तथा छुट तथा जरिवानाबारे जनतामा सूचना प्रवाह गर्न जनचेतना नागरिक वडापत्र तथा प्रचार प्रशार कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ । राजस्व संकलन हुने स्थानहरुमा राजस्वको अभिलेख सही रुपमा राखिएको, सही तरिकाले कर तथा शुल्क निर्धारण भएको, बक्यौताको अभिलेख सही तरिकाले राखिएको, सही तरिकाले राजस्व संकलन भएको, संकलित राजस्व सम्वन्धित खातामा सही रुपमा कार्यालयमा दाखिला भएको जस्ता विषयलाई यकीन गर्न राजस्व परीक्षणको भूमिका महत्वपूर्ण हुन्छ । नगरपालिकाको राजस्व संकलन कार्यमा बडाहरुवाट समेत राजस्व संकलन हुने भएकोले जनचेतना मूलक कार्यक्रम सञ्चालन र राजस्व परीक्षणमा राजस्व परामर्श समितिको अग्रसरतामा राजस्व परीक्षण सुदृढ हुन आवश्यक देखिन्छ ।

## ६.४ राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन

सहभागीतात्मक पद्धति अपनाई तर्जुमा गरिएको तालिका १३ मा दिइएको राजस्व सुधार कार्ययोजना कार्यान्वयनका लागि नगरपालिकाले राजस्व सुधार कार्यक्रमलाई व्यय वजेटमा समावेश गरी कार्यान्वयन गर्न आवश्यक हुन्छ । कार्ययोजनामा उल्लेख भएको कार्य सम्पादन हुन नसकेमा त्यसले प्रक्षेपण गरे बमोजिमको आय संकलनमा प्रभाव पार्न सक्दछ । यसका अतिरिक्त राजस्व सुधार कार्ययोजना अन्तर्गतका निश्चित कार्य गर्न अन्य सहयोगी निकाय तथा परियोजनाहरुबाट पनि

सहयोग लिन सकिन्छ । नगरपालिकाको आफ्नो वार्षिक योजना तथा बजेटमा राजस्व सुधार कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालनका लागि बजेट व्यवस्था गर्न आवश्यक देखिन्छः

- राजस्व कम्प्युटर सफ्टवर प्रणालीमा सुधार, मर्मत तथा संचालन तालिम
- कार्यालयको राजस्व शाखा तथा वडाहरुलाई आवश्यक पर्ने इन्टरनेट, उपकरण तथा सामग्रीहरुको व्यवस्था
- मुख्य आयका स्रोतहरुको व्यवस्थापनको लागि कार्यविधिहरु तर्जुमा
- कर शिक्षा कार्यक्रम तथा कर संकलन टोली परिचालन
- वडाका कर्मचारीहरुको क्षमता विकास
- राजस्व संकलनको अनुगमन तथा राजस्व परीक्षण

# अनुसूचीहरु

अनुसूची - १

## राजस्व सुधार योजनाकोलागि सूचना संकलन फाराम

...................... गाउँ/नगरपालिका

### राजस्व परामर्श समितिको नामावली

| क्र.सं. | नाम | पद | जिम्मेवारी | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | | | संयोजक | |
| २ | | | सदस्य | |
| ३ | | | सदस्य | |
| ४ | | | सदस्य | |
| ५ | | | सदस्य | |
| ६ | | | सदस्य | |
| ७ | | | सदस्य सचिव | |

### राजस्व प्रशासन शाखा/उपशाखामा कार्यरत कर्मचारी

| क्र.सं. | नाम | पद तथा तह | सम्पर्क नं |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | **जम्मा** | | |

## नगरपालिकाको सम्पत्ति

### स्वामित्व वा भोगचलनमा रहेका जग्गा

| क्र.सं. | जग्गा रहेका स्थान | क्षेत्रफल | हालको उपयोग | भाडा वा बहाल रकम (यदी भएमा) | कैफियत |
|---|---|---|---|---|---|
| क | स्वामित्वमा रहेको जग्गा | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

### स्वामित्वमा रहेका भवन, घर तथा टहरा

| क्र.सं. | स्थान | भवनको विवरण | हालको उपभोग | भाडा वा बहाल रकम (यदी भएमा) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

### स्वमित्वमा रहेका र बहालमा भएका मेसिन, औजार तथा अन्य उपकरण

| क्र.सं. | मेसिन, औजार तथा अन्य उपकरण | विवरण | हालको उपभोग | भाडा वा बहाल रकम (यदी भएमा) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**उपलब्ध गराउनु पर्ने दस्तावेज**

आर्थिक वर्ष २०७५/०७६ र २०७६/०७७ को यथार्थ आय विवरण (आन्तरिक स्रोत, राजस्व बाँडफाँड तथा अनुदान सहित एकीकृत विवरण)

- चालु आर्थिक वर्ष २०७७/०७८ को आय अनुमान (आन्तरिक स्रोत, राजस्व बाँडफाँड तथा अनुदान सहित एकीकृत विवरण)
- चालु आर्थिक वर्ष २०७७/०७८ को बैशाख मसान्त सम्म आन्तरिक आम्दानी असुली विवरण (कर, शुल्क दस्तुर तथा ठेक्का आय समेत)
- मस्यौदा आर्थिक ऐन (आगामी आ.व.को लागि मस्यौदा भएको भए सो नभएको भए चालु आ.व.को आर्थिक ऐन) : वर्ड फरमेट
- आगामी आर्थिक वर्षको २०७८/०७९ का लागी प्राप्त बजेट सिलिङ्ग
    - संघीय सरकार
        - समानिकरण अनुदार रु....................................
        - राजस्व बाँडफाँड रु. .........................
    - प्रदेश सरकार
        - समानिकरण अनुदार रु....................................
        - राजस्व बाँडफाँड रु. .........................
- नगर प्रोफाईल (तयार भएको भए)
- राजस्व सुधार कार्ययोजना वा राजस्व सम्बन्धी भएका अध्ययनका प्रतिवेदन (यदी भएमा)

प्रमाणीकरण मितिः२०७८।७।२५

आज्ञाले,
परमानन्द शर्मा
नि.प्रमुख प्रशासकिय अधिकृत